# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा मानिसमा ज्ञान, सीप र क्षमता बढाउने प्रमुख माध्यम हो । शिक्षा प्रत्येक मानिसको जीवनलाई सुखी र समृद्ध बनाउन आवश्यक पर्दछ । शिक्षाले नै मानिसको जीवनमा आइ परेका कठिन समस्याहरूलाई समाधान गर्न महत्वपूर्ण सहयोग गर्दछ । त्यसैले शिक्षाले मानिसको जीवनमा सकारात्मक प्रभाव पार्दछ । समयको परिवर्तन र मानव सभ्यताको विकाससँगै शिक्षा प्रणालीमा पनि निरन्तर रूपमा परिवर्तन हुँदै आएको पाइन्छ ।

राणा शासन कालमा राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्केपछि वि.स. १९१०मा आफ्ना सन्तानहरूलाई अङ्ग्रेजी शिक्षा दिने उद्देश्यले अङ्ग्रेजी प्राथमिक स्कुल खोली औपचारिक शिक्षाको थालनी गरे । प्रधानमन्त्री वीर समशेरले रानी पोखरीको दक्षिणतर्फ दरवार जस्तै भवन बनाई वि.स. १९४८ मा उक्त भवनमा पठनपाठन सुरु भएर स्कुलको नाम दरवार स्कुल राखियो । वि.स. १९३४ मा यसलाई हाइस्कुल बनाइयो । वि.स. १९४२ देखि सर्वसाधारणका लागि खुल्ला गरियो । वि.स. १९७५ त्रिचन्द्र कलेजको स्थापना, वि.स. १९९० मा एस.एल.सी. बोर्डको स्थापना भए पनि त्यस्तो कुनै उल्लेखनीय शैक्षिक कार्य भएको पाइदैन (ढकाल र कोइराला, २०६३) ।

यस्तो अन्धकारमय अवस्थाबाट झन्डै ७० वर्ष पछि वि.स. २०६६ को तथ्याङ्कलाई केलाउँदा प्राथमिक विद्यालयको सङ्ख्या ३०९२४, नि.मा.वि. को सङ्ख्या १०६३६, मा.वि.को सङ्ख्या ६५१५ र विश्वविद्यालयको सङ्ख्या ५ रहेको छ भने साक्षरता प्रतिशत पनि ५३.४ पुगेको थियो (अन्तर्राष्ट्रिय मञ्च, २०६६) ।

“शिक्षाको लक्ष्य कुनै पनि व्यक्तिमा अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासमा विभिन्न सम्भावनाहरू प्रष्फूटित गराउन सहयोग गर्नु हो । शिक्षाको उद्देश्य प्रत्येक व्यक्ति समाज र राष्ट्रको भविष्य निर्माण गर्नु हो । शिक्षाले व्यक्ति, समाज, समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल्य, मान्यता र आश्थाहरूको सम्बर्द्धन गरी स्वच्छ सामाजिक विकासका लागि सहयोग गर्नु पर्दछ । शिक्षाले व्यक्तिको सामाजिकीकरणका साथै सामाजिक एकतामा सुदृढ एवम् सामाजिक, प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्नु पर्दछ । शिक्षाले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धमा भाइचाराको सम्बन्ध कायम राख्दै

प्रत्येक व्यक्तिलाई जीविकोपार्जनका आधारमा आधुनिक युग सुहाउँदो जीवनयापनका निम्ति सहयोग गर्दछ (शर्मा एण्ड शर्मा, २०५७) ।

"शिक्षाको लागि समान अवसर" यो शिक्षा क्षेत्रको विश्वव्यापी नारा हो यो नाराले सम्पूर्ण बालबालिकालाई शिक्षा प्रदान गर्ने मान्यता बोकेको पाइन्छ । तर विविध कारणले गर्दा सबै बालबालिकाले समान रूपबाट शिक्षा प्राप्त गर्ने अवसर पाएका हुँदैनन् । प्रष्ट रूपमा भन्ने हो विकसित र विकासोन्मूख मुलुकहरूका विपन्न वर्ग झन झन विपन्न बन्दै जाने र समाजिक परिवर्तनको आशा गर्न नसकिने स्थिति देखा पर्दछ । यसका लागि शिक्षालाई व्यापक बनाइनु पर्दछ । देशको भू-संरचना कस्तो छ?, शिक्षामा अवसर दिदा छनौट गर्ने प्रक्रियाहरू कस्ता छन् ? सामाजिक वातावरण कस्तो छ ? जस्ता कुराहरूले शिक्षाको समान अवसर प्रदान गर्नमा असर पार्नु अस्वभाविक होइन (शर्मा एण्ड शर्मा, २०६३) ।

शिक्षा पाउने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । कम्तीमा पनि प्रारम्भिक र आधारभूत तहमा शिक्षा निशुल्क र अनिवार्य हुन्छ । प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनेछ र योग्यताका आधारमा समान रूपमा उच्च शिक्षा उपलब्ध हुनेछ । मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक हक स्वतन्त्रता प्राप्तिको आधारलाई बलियो बनाउने शिक्षाको लक्ष्य हुनेछ । सबै जातजाति, भाषाभाषी, धर्म, वर्ण, लिङ्ग आदि बीच मेलमिलाप, प्रेम, सहिष्णुता, दया एवम् मैत्रीपूर्ण भावनाको विकास शिक्षाले नै गर्दछ । देशमा शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय प्रयत्नलाई अघि बढाइने छ र आफ्ना बालबालिकाको शिक्षा रोज्ने अधिकार अभिभावक समेतलाई हुनेछ भनिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

इतर नेपाली मातृभाषीहरू भन्नाले आफ्नै छुट्टै सामूहिक सांस्कृतिक पहिचान भएको, जसको पराम्परागत सामाजिक संरचना समानतामा आधारित छ, आफ्नै परम्परा, भाषा, धर्म, संस्कृति, रीतीरिवाज छ जसको आफ्नै परम्परागत भौगोलिक क्षेत्र छ, जुन समुदाय भित्र हाम्रो भन्ने भावना छ, जुन समुदायको आधुनिक नेपालको राजनीति र राज्य संरचनामा निर्णायक भूमिका पाइदैन् । शिक्षामा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सहभागितामा कमी हुनु, सहभागी भएकाहरूको पनि सिकाइ उपलब्धि कमी हुनुमा आर्थिक तथा सामाजिक कारणहरू नै भएता पनि देशको भौगोलिक बनावट तथा राजनैतिक कारण पनि विद्यमान रहेको पाइन्छ । आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत

सामाजिक धारणा, अन्धविश्वास तथा छिटो विवाह, घरायसी काममा व्यस्तता भाषिक कठिनाइ आदिलाई पनि लिन सकिन्छ ।

यसरी हेर्दा शिक्षाको क्षेत्रमा सङ्ख्यात्मक रूपमा अत्यधिक विकास भएको देखिन्छ । तर गुणात्मक विकास भने सो अनुपातमा भएको देखिदैन । शिक्षाको गुणात्मक विकासमा प्रभाव पार्ने धेरै तत्वहरू छन् । ती मध्ये मातृभाषा पनि एक महत्वपूर्ण तत्व हो । बालकको पहिलो भाषालाई मातृभाषा भनिन्छ । मातृभाषा भनेको आमाको भाषा भन्ने चाहिँ नहुन पनि सक्छ । बालकले पहिलो पल्ट जुन भाषिक वातावरण पाउँछ । त्यही भाषालाई मातृभाषा भन्ने परम्परा छ । मानिसले पहिलो भाषा वाहेक सिकेका सबै भाषालाई दोस्रो भाषा भनिन्छ । पहिलो भाषाको सिकाइ, स्वतन्त्र, अनियन्त्रित र स्वभाविक वातावरणमा हुन्छ तर दोस्रो भाषाको सिकाइ नियमित, नियन्त्रित र कृत्रिम वातावरणमा हुने हुँदा सिकारुलाई प्रभाव पार्ने कुरा स्पष्ट छ (ढकाल, २०५६) ।

मातृभाषाले दोस्रो भाषा सिक्नको लागि सहयोग गर्दछ । यसको कारण के हो भने हामीले दोस्रो भाषा सिक्दा पहिलो भाषा सिकाइमा सिकेका ज्ञान र सीपलाई पुनः प्रयोग गर्दछौँ । दोस्रो भाषा सिक्दा पूरै नयाँ सिकाइ गर्दैनौ अर्थात भाषा सम्बन्धी ज्ञान र सीप मातृभाषा सिक्दा नै विकास भएको हुन्छ र त्यही भाषिक ज्ञान र सीपलाई दोस्रो भाषामा हामी स्थानान्तरण गर्दछौँ । यस सिद्धान्तलाई Jim Cummins' Iceberg Theory भनिन्छ (भट्टराई र सापकोटा, २०६८) ।

भनिन्छ, बालकको सिकाइ सर्वप्रथम उसको कोक्रोबाट सुरु हुन्छ । आमा बालकका लागि प्रथम शिक्षिका हुन भने परिवार उसको प्रथम पाठशाला हो । आमा र परिवारले बोल्ने भाषा र पारिवारिक वातावरणको सिकाइ प्रथम सिकाइ मात्र नभई आधारभूत सिकाइ अर्थात आजीवन सिक्ने शिक्षा वा ज्ञानको आधार हो । घरायसी वातावरण विश्व दृष्टि निर्माणको प्रथम खुट्किलो नै आफ्नो मातृभाषा हो । यो परिवेशमा सिकेको भाषा  र ज्ञान जति पूर्ण हुन्छ, त्यति कुनै अर्को (दोस्रो भाषा) मा सम्भव हुँदैन । मातृभाषा पछि सिकिने द्वैभाषिक वा त्रैभाषिक वा बहुभाषी परिवेशको शिक्षा ज्ञानमा थपिदै जाने निरन्तरता मात्रै हो । जुन पहिलो वा मातृभाषा जस्तो पूर्णता हुन्न (भट्टराई र सापकोटा, ०६८) ।

माथिको कुराबाट के छर्लङ्ग हुन्छ भने गैर नेपाली मातृभाषी बालबालिकाहरूलाई नेपाली भाषामा शिक्षण गर्दा अवश्य नै समस्या पर्दछ र सिकाइ उपलब्धिमा प्रभाव पार्दछ । यहाँ अध्ययन गर्न खोजिएको विषय चाहिँ प्राथमिक तहका नेपाली मातृभाषी

बालबालिकाहरूको सिकाइ उपलब्धि र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा भिन्नता छ छैन र उनीहरूको सिकाइ उपलब्धिमा मातृभाषाले प्रभाव पार्दछ कि पार्दैन भन्ने हो । मातृभाषाको कारणले सिकाइ उपलब्धिमा प्रभाव पार्दछ भने यसका लागि योजना बनाउन पनि यो अध्ययन निश्चय नै फलदायी हुने देखिन्छ ।

नेपाल अधिराज्यको सुगम जिल्ला भनेर परिचित मोरङको सुदूर उत्तरमा पहाडी भू-भागमा अवस्थित दुगर्म गा.वि.स. सिंहदेवी गा.वि.स. उत्तरमा धनकुटा जिल्लाको बसन्तटार गा.वि.स., पूर्वमा वारंगी गा.वि.स., पश्चिममा पाटी गा.वि.स. र दक्षिणमा भोगटेनी गा.वि.स.ले वरिपरिबाट घेरिएको छ । यो गा.वि.स. २६°५०' उत्तर उत्तरदेखि २६°५७' उत्तरी अक्षांश र ८७°२५' पूर्वदेखि ८७°३०' पूर्वी देशान्तरमा पर्दछ । समुद्र सतहदेखि ४४५ मि. देखि १६१५ मिटरसम्मको उचाईमा अवस्थित छ (कट्टेल,१९९२) । यस गा.वि.स.मा ठकुरी, क्षेत्री, बाहुन, गुरुङ, राई, लिम्बू, मगर, कामी र दमाई जातिका मानिसहरू बसोवास गर्दछन् । यी मध्ये पनि लिम्बू जातिका मानिसहरूको बाहुल्यता रहेको पाइन्छ । यहि गा.वि.स. अन्तर्गत रहेर प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन विषयमा अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

प्राथमिक तह शिक्षाको जग हो । यो जग बलियो भयो भने मात्र माथिल्लो तह पनि राम्रो हुन्छ । यो जीवन निर्वाह र देश विकासको निम्ति अति आवश्यक पक्ष पनि हो । नेपालमा मुख्यत दुई क्षेत्रबाट शैक्षिक जनशक्ति उत्पादन भइरहेका छन् । जस अन्तर्गत सरकारी र निजी विद्यालयहरू पर्दछन् । प्राथमिक शिक्षाको प्रमुख उद्देश्यहरू नैतिकता, स्वावलम्बी, राष्ट्रियताको भावना जगाउने जस्ता उद्देश्यहरू रहेका छन् । नेपाल सरकारले सबै जातजातिका बालबालिकाहरूलाई शिक्षामा समान रूपले सहभागी गराउने नीतिगत प्रयास गरेको छ तर सबैले समान अवसर पाएका छैनन् र पाएकाले पनि समान रूपले प्रगति गर्न सकेका छैनन् ।

हाम्रो देश नेपालमा विभिन्न जाति, भाषा, धर्म र संस्कृतिका मानिसहरू बसोबास गर्दछन् । विभिन्न जातिका मानिसहरूले बेग्लाबेग्लै भाषाहरू बोल्दछन् । यसरी उनीहरूको मातृभाषा फरक फरक पाइन्छ । घरमा बोलिने भाषा एउटा हुन्छ भने विद्यालयमा पढ्ने र

पढाउने भाषा अर्कै हुन्छ । सामुदायिक प्राथमिक , निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूमा पढ्ने र पढाउने माध्यम भाषा नेपाली रहेको छ तर विद्यालयमा नेपाली मातृभाषी बालबालिकाहरू मात्र अध्ययन गर्न आउँदैनन् । बहुभाषी बालबालिकाहरू अध्ययन गर्न आउँदछन् । उनीहरूको सिकाइ उपलब्धि फरक फरक हुन्छ । नेपाली माध्यमबाट पठन पाठन हुने हुँदा निश्चय पनि अन्य मातृभाषा भएका बालबालिकाहरूलाई सिकाइ उपलब्धि पूरा गर्न कठिन हुन्छ । के यो मातृभाषाकै कारणले हो त ? वा अन्य कुनै कारणले हो? भन्ने जस्ता विषयको उत्तर खोज्न यो अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

प्रत्येक व्यक्तिको चौतर्फी विकासको आधार प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षाबाट नै प्रत्येक व्यक्तिलाई चाहिने आधारभूत ज्ञान सीप प्राप्त हुने गर्दछ । मानवका लागि स्वतन्त्र, मर्यादित, आत्मसम्मानपूर्ण र आत्मनिर्भर जीवन निर्वाह गर्न प्राथमिक शिक्षाले सहयोग पुऱ्याउँदछ । प्राथमिक तहलाई सर्वसुलभ, व्यापक, गुणस्तरीय बनाउन सरकारी तथा निजी दुवै क्षेत्रबाट भरमग्दुर प्रयास भएता पनि पूर्ण रूपमा सफल हुन सकेको छैन ।

प्रत्येक अनुसन्धानमा आ-आफ्नै औचित्य हुने गर्दछन् । यस अध्ययनको पनि शिक्षा क्षेत्रमा आफ्नै औचित्य रहेको छ । शिक्षामा सङ्ख्यात्मक विकास तीव्र गतिमा भइरहेको छ । सङ्ख्यात्मक विकासको तुलनामा गुणात्मक विकास भने न्यून देखिन्छ । गुणात्मक विकासको लागि बाधा पुऱ्याउने तत्वहरू पहिचान गरी निराकरण गर्न जरुरी छ । गुणात्मक विकासमा बाधा पुऱ्याउने विभिन्न तत्वहरू छन् । यसरी विभिन्न तत्वहरू मध्ये मातृभाषाको पनि गुणात्मक विकासमा महत्वपूर्ण स्थान रहेको हुन्छ । प्राथमिक तहको जग बलियो भएन भने माथिल्लो तह स्वतः कमजोर हुन जान्छ । मातृभाषाले प्राथमिक तहका विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्दछ कि पार्दैन भनी हेर्नु उपयुक्त भएकोले यो अनुसन्धान गर्न खोजिएको हो । अध्ययनबाट प्राप्त निष्कर्षबाट गुणात्मक शिक्षाको विकासमा टेवा पुग्ने आशा गर्न सकिन्छ । यस अध्ययनबाट प्राप्त सूचनाको आधारमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शैक्षिक योजनाकार, नीति निर्माताहरूलाई शिक्षासँग सम्बन्धित विभिन्न नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालवालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्नु ।

ख) इतर नेपाली मातृभाषी बालवालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिचान गर्नु ।

ग) ती बालबालिकाहरूको सिकाइका समस्याहरू केलाउनु ।

घ) इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

क) नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कस्तो छ ?

ख) इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कस्तो छ ?

ग) इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउने उपायहरू के के हुन सक्छन् ?

घ) इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइका समस्याहरू के के हुन सक्लान् ?

ङ) उनीहरूमा रहेको सिकाइको समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

साधन स्रोत समय साथै अन्य विविध कारणले गर्दा यस अध्ययनलाई मोरङ जिल्ला केराबारी स्रोत केन्द्र अन्तरर्गतको सिंहदेवी गा.वि.स.का ३ वटा विद्यालयहरूमा मात्र सीमित गरिएको छ । यसरी ३ वटा विद्यालयहरू मात्र अध्ययन गरिएको हुनाले यसलाई सामान्यीकरण गर्न सकिदैन । यो अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहको कक्षा ५ का नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ । यो अध्ययन वि.स. २०६८ सालको वार्षिक परीक्षाको नतिजामा केन्द्रित रहको छ ।

## १.७ प्रयोग गरिएका शब्दका परिभाषाहरू

सामुदायिक विद्यालय : शिक्षा ऐन २०२८ सातौँ संशोधन २०५९ अनुसार नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय ।

मातृभाषा : बोल्न शुरु गरेको पहिलो भाषा

प्रधानाध्यापक : सम्बन्धित विद्यालयका प्रमुख

शिक्षक : विद्यालयमा नियमित अध्यापन गर्ने पुरुष र महिला

विद्यार्थी : सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी

सिकाइ उपलब्धि : परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क

समपारीवारिक भाषा : एउटै भाषा परिवारभित्रको भाषा

इतर मातृभाषी : बोल्न सुरुगरेको पहिलो भाषा वाहेकका अन्य भाषा

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेदमा अनुसन्धानकर्ताद्वारा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाकाको रूपमा सङ्ज्ञानात्मक प्रयोगात्मक सिद्धान्तको प्रयोग र शैक्षिक उपदेयता प्रस्तुत गरिएको छ । सैद्धान्तिक खाकाबाट अनुसन्धानलाई सही मार्गमा हिँडाउन र नयाँ सिद्धान्त प्रतिपादन गर्न मद्दत मिल्नेछ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

EDSC (१९९९) को प्रतिवेदन अनुसार कक्षा ५ को गणित विषयमा २७.२५% नेपालीमा ५१.४६%, सामाजिक विषयमा ४१.७८% शैक्षिक उपलब्धि देखिएको थियो । जहाँ कक्षाकोठाको वातावरण उचित नभएको, शैक्षिक सामग्री र भौतिक सामग्री कम भएको विद्यार्थीका बाबुहरू साक्षर भए पनि आमाहरू निरक्षर भएको, अभिभावक कृषि पेशामा लागेको, विद्यार्थीलाई लामो समय हिडेर विद्यालय जानु पर्ने समस्या, पाठ्पुस्तक, कापी कलम नभएको विद्यार्थीले घरको काम गर्नु पर्ने जस्ता कुराहरू अध्ययनबाट पत्ता लागेको थियो ।

अध्ययनको सुझावमा शिक्षक निर्देशिका, सहायक सामग्रीहरू प्रयोग गर्ने तर्फ प्रोत्साहित गर्नु पर्ने, शिक्षकको लागि तालिमको व्यवस्था गर्नु पर्ने, नियमित मूल्याङ्कन गर्नु पर्ने, शिक्षकको नियमितता, विद्यार्थीको नियमितता र छात्रवृत्तिको उचित व्यवस्था गर्ने कुरामा सुधार ल्याउन जोड दिएको थियो ।

ढकाल र कोइराला (२०६३) का अनुसार वि.स. २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप बनेको नेपालको अधिराज्यको संविधान, २०४७ले नेपाल हिन्दु अधिराज्य घोषणा गरेता पनि नेपालमा बहुधार्मिक, बहुभाषिक र विविध संस्कृतिका मानिस बसोबास गर्दछन् । नेपालमा नेपाली भाषा मातृभाषा हुने सङ्ख्या बढी भएता पनि मैथिली, भोजपुरी, थारु, तामाङ, नेवार र मगर लगायत ९२ वटा भाषा बोलिन्छन् तर यस बाहेक अन्य मातृभाषा हुने पनि रहेका छन् । राष्ट्रिय जनगणना २०५८ ले ९२ वटा बोलिने र अज्ञात भाषा भनी ०.७५% तथ्याङ्क प्रस्तुत गरेको हुँदा नखुलेका अन्य भाषी पनि हुन सक्छन् । नेपालमा बोलिने भाषाहरू भारोपेली (आर्य) परिवारका भाषाहरू (जस्तै, नेपाली, मैथिली, अवधि) चीन-तिब्वती, भोट-हिमाली परिवारका भाषाहरू (भोटे, शेर्पा , थकाली, राई, लिम्बू

आदि) अस्ट्रो-एसियाली ( आग्नेय वा आस्ट्रीक) परिवारका भाषाहरू (जस्तैः सतार, छन्तेल, कुसन्डा   आदि ) र द्रविड (उत्तर कुरुक्स) परिवारका भाषाहरू (जस्तैः झाँगड भाषा) छन् । यस प्रकार भाषिक दृष्टिले नेपाल सम्पन्न छ । नेपालको संविधान २०४७ ले नेपाली भाषालाई राष्ट्र भाषा र सरकारी कामकाजको भाषाको मान्यता दिएको छ भने अन्य मातृभाषालाई राष्ट्रिय भाषा भनी तोकेको छ । मातृभाषामा नै प्राथमिक शिक्षा प्राप्त गर्न सकिने व्यवस्था छ ।

सेरिड, (१९९०) का अनुसार नेपालको पिछडिएका समुदायमा मानिसहरूको शैक्षिक स्थितिलाई देखाइएको छ । अध्ययनमा कमजोर आर्थिक अवस्थाको प्रमुख कारण भनेको अशिक्षा नै रहेको छ । यस्ता कारक तत्वहरूमा सामाजिक, सांस्कृतिक तत्व जस्तै छिटो विवाह, छोरीको शिक्षाप्रतिको नकारात्मक धारणा, भाषागत समस्या र विद्यार्थीप्रति शिक्षकको व्यवहार आदि रहेको देखाइएको छ ।

पाण्डेय (०६०:१४३) का अनुसार आदिबासीहरू सोझा साझा प्रवृतिका शान्तिप्रिय स्वभावका भएका हुँदा विस्तारै शासन सत्ताबाट बाहिर रहन मन पराउन थाले र उक्त स्थानमा ब्राह्मण क्षेत्रीहरूलाई आउन आग्रह गर्न थाले । उनीहरूको आग्रहलाई स्वीकार गर्दै ब्राह्मण र क्षेत्रीहरू शासन सत्तामा आएर शासन चलाउन थाले जसको कारणले आजसम्म पनि उनीहरूले आदिबासीहरूमा शासन चलाइरहेका छन् । त्यसकारण आदिबासीहरू शोषित छन् ।

भट्टराई (२०६१) ले औपचारिक शिक्षा प्रणालीमा लिम्बूहरूको शैक्षिक सहभागिता शीर्षकमा अध्ययन गरी शोधपत्र तयार गर्नु भएको छ । औपचारिक शिक्षा प्रणालीमा लिम्बूहरूको सहभागिताको स्थिति पत्ता लगाउने, लिम्बूहरूको औपचारिक शिक्षा प्रणालीमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने र लिम्बू बालबालिकाहरूलाई विद्यालयमा नियमित गराउने उपाय खोज्ने उद्देश्यहरू राखेर आफ्नो अनुसन्धान ताप्लेजुङ जिल्लाको सुदिङ्वा गा.वि.स. मा गर्नु भएको छ । शोधकर्ताले उक्त शोधकार्यमा गुणात्मक तथा संख्यात्मक दुवै विधि प्रयोग गर्नु भएको थियो । उक्त शोधकार्यमा लिम्बू जातिको औपचारिक शिक्षामा सहभागिता न्यून छ । लिम्बू जातिको औपचारिक शिक्षामा सहभागितालाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक पक्षले बाधा पुऱ्याएका छन् भन्ने निष्कर्ष निकालिएको थियो । लिम्बू जातिका बालबालिकाहरूलाई विद्यालयमा नियमित गराई सहभागिता वृद्धि गर्न

मातृभाषामा शिक्षा दिने व्यवस्था गर्नुपर्ने, बढी भन्दा बढी छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, शिक्षालाई निशुल्क गर्नुपर्ने आदि सुझावहरू रहेका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १७.१ मा "प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।" शिक्षा ऐन २०२८ (संशोधन सहित) दफा ७.२ मा लेखिएको छ, "प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ ।"

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा गा.वि.स. र नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत शिक्षा तथा खेलकुद सम्बन्धी दफा र भाषा तथा संस्कृति सम्बन्धी दफामा व्यवस्था भए बमोजिम गा.वि.स. क्षेत्र भित्रमा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने, दफा २८ घ (३), नगरपालिका क्षेत्र भित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने दफा ९६ घ (३), ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) को आधारभूत शिक्षाको माध्यम उपशीर्षकमा लेखिएको छ "आधारभूत शिक्षाको माध्यम मातृभाषा हुनेछ । आधारभूत शिक्षाको प्रथम चरण (कक्षा १ देखि ३) सम्म सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुनेछ ।

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५) पनि नेपाल सरकारको महत्वपूर्ण अभिलेख हो । यो कार्ययोजना अझै पनि क्रियाशील छ र यसमा पनि लेखिएको छ : 'आदिबासी जनजाति र भाषिक अल्पसंख्यकको जीवनपयोगी सीप र संस्कृति अनुरूप मातृभाषाको माध्यमबाट प्राथमिक तहका सबै विषयहरूको शैक्षिक सामग्री तयार गर्ने र चरणबद्ध रूपमा क्रमैसँग लागू गर्दै जाने ।

आदिबासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (२००७) मा नेपाल सरकारले हस्ताक्षर गरेको छ र यसमा उल्लिखित भाषा र शिक्षा सम्बन्धी निम्नलिखित धारणाहरू निकै महत्वपूर्ण छन् : 'आदिबासीहरूलाई भविष्यका सन्तानहरूका लागि आ-आफ्ना इतिहासहरू, मातृभाषाहरू, मौखिक परम्पराहरू, दर्शनहरू, आलेखन प्रणालीहरू र साहित्यहरूलाई पुनर्जीवन्त गर्न, प्रयोग गर्न, विकास गर्न तथा प्रसारण गर्न र उनीहरूका आ-आफ्ना समुदाय, स्थान र व्यक्तिका नामहरू राख्ने र निरन्तर कायम राख्ने अधिकार छ' ( धारा १३.१) ।

'आदिबासीहरूलाई आ-आफ्नै मातृभाषाहरूमा आ-आफ्नै सांस्कृतिक तौर तरिकाबाट सिक्ने र सिकाउने, आ-आफ्ना शैक्षिक प्रणाली र संस्थाहरूको स्थापना गर्ने र नियन्त्रण गर्ने अधिकार छ' (धारा १४.१) ।

'अर्न्तराष्ट्रिय श्रम संगठन महासन्धि संख्या १६९ मा निम्नलिखितको व्यवस्था गरिएको छ । आदिबासी समुदायका बालबालिकाहरूलाई सम्भव भएसम्म उनीहरूकै मातृभाषामा लेखपढ गर्न सिकाइने छ' (धारा २८.१) ।

'आदिबासी समुदायका मातृभाषाहरूको विकास र अभ्यासलाई संरक्षण र संबर्द्धन गर्ने उचित व्यवस्था मिलाइने छ' (धारा २८.३) ।

काफ्ले, ढकाल र कोइराला (२०६५) का अनुसार भाषा वास्तवमा सङ्केत प्रणाली हो । यसले सङ्ज्ञानात्मक र ज्ञानात्मक कार्यहरू गर्दछ । अनुभवको साटासाट, बुझाइ, खवरको आदानप्रदान जस्ता महत्वपूर्ण कुराहरूमा भाषाको महत्वपूर्ण भूमिका हुन्छ । सामाजको सामाजिक कार्यमा यसले सहयोग गर्दछ, चेतनालाई सङ्गठित गर्दछ, वर्तमान सूचनाको युगमा भाषाले अझ महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

लामिछाने (२०५२) १७,१८,१९ का अनुसार इतर नेपाली मातृभाषाको प्रयोग गर्ने विद्यार्थीहरू विद्यालयमा आएपछि पहिले सिकेको भाषाले गर्दा नेपाली भाषा सिक्न विभिन्न कठिनाइ सामना गर्नु पर्ने हुँदा विद्यार्थीलाई जति मात्रामा अप्ठ्यारो महशुस हुन्छ, त्यति नै शिक्षकलाई शिक्षण गर्न असजिलो हुन्छ । यसरी इतर नेपाली भाषी घर परिवार तथा समुदायबाट आएका विद्यार्थीहरूलाई एकै किसिमको भाषिक मापदण्ड अनुसार शिक्षण क्रियाकलाप गर्नु हुँदैन । समपारिवारिक भाषाका विद्यार्थीहरू छन् भने नेपाली भाषा सिक्न त्यति कठिनाइ पर्दैन । जस्तैः भारोपेली भाषा परिवारका मैथिली वा भोजपुरी भाषाभाषी विद्यार्थी भए नेपाली भाषामा धारणा बनाउन उसलाई सजिलो हुन्छ । भिन्न भाषा परिवारको भाषा भाषी भएमा नेपाली भाषा सिक्न कठिनाइ पर्दछ । जस्तैः तिब्बत, बर्मेली भाषा परिवारको लिम्बू, नेवार, मगर, गुरुङ आदि भाषी भए नेपाली भाषा सिक्न केही कठिनाइ पर्न जान्छ तर यस्तो परिस्थितिमा वातावरणीय निकटता छ भने चाहिँ भिन्न भाषा परिवारको व्यक्ति भए पनि नेपाली भाषा सिक्न त्यति कठिनाइ भोग्नु पर्दैन । जस्तैः नेवार, राई, लिम्बू र मगर आदि भाषाका वक्ताहरू भएको ठाउँमा नेपाली भाषाको प्रयोगको स्थिति राम्रो छ भने उनीहरूले मातृभाषा पछि नेपाली भाषालाई प्रयोगमा ल्याउने हुँदा स्तरीय नेपाली

भाषाको शिक्षण क्रियाकलाप सञ्चालन गर्दा उक्त भाषिक कार्यमा आफू सहज रूपमा समायोजित हुन सक्छन् ।

राहुत (२०६७) का अनुसार उदयपुर जिल्लाको मुर्कुची स्रोत केन्द्र अन्तर्गत प्राथमिक तहका विद्यार्थीको पारिवारिक आार्थिक अवस्था सिकाइ उपलब्धिको अध्ययनबाट सबै आर्थिक अवस्थाको बालबालिकाहरूको सिकाइ उपलब्धि स्तर ६०% भन्दा कम देखिएकोले विद्यार्थीको सिकाइ उपलब्धि बढाउनलाई दुर्वल आर्थिक अवस्थाका लागि विशेष योजना र सबल आर्थिक अवस्थाका लागि पनि थप कार्यक्रम बनाई यथाशीघ्र लागु गर्नु पर्ने निष्कर्ष निकालिएको थियो ।

भट्टराई र सापकोटा (२०६८) का अनुसार भाषाका माध्यमबाट स-शक्तिकरण र आत्मसम्मान प्राप्त हुन्छ । घरपरिवारमा बोलेको भाषामा विद्यालयमा पनि शिक्षण भएमा विद्यार्थीलाई सिक्न सजिलो हुन्छ । घरमा बोल्ने भाषामा विद्यालयमा पढ्ने अवसर पाएमा दोस्रो मातृभाषी विद्यार्थीले नेपाली भाषामा पढ्दा परेको भाषिक समस्याबाट मुक्त हुन्छ । यस कारणले ऊ परीक्षामा अनुत्तीर्ण हुने या कमजोर हुने समस्याबाट मुक्त हुन्छ । आफू आफ्ना नातेदारले बोल्ने भाषामा छापिएका पाठ्यसामग्रीहरू पढ्न पाउँदा अन्य भाषाहरू जस्तै आफ्नो भाषा पनि बराबर हैसियत भएको पाएमा विद्यार्थीहरू आफ्नो मातृभाषाप्रति श्रद्धा राख्दछन् मातृभाषा शिक्षाको उपयोगिताको बारेमा अमेरिकी अदिवासी Darial Beb Wilsion भन्छन् : "We must know the white (man's) language to survive in this world. But we must know our language to survive forever"

भट्टराई र सापकोटा (२०६८) का अनुसार घरमा बालबालिकाले आफ्ना बाबुआमासँग बोल्ने भाषालाई मातृभाषा भनिन्छ । मातृभाषाबाट विद्यालयमा शिक्षण गरिन्छ भने त्यसलाई शिक्षण माध्यमको रूपमा मातृभाषा भनिन्छ । यसलाई शिक्षण सिकाइ प्रक्रियामा मातृभाषाको प्रयोग भनेर पनि भन्ने गरिन्छ । शिक्षण सिकाइ प्रक्रियमा मातृभाषाको प्रयोग गर्नुपर्ने कारणमा मातृभाषाको माध्यमबाट शिक्षण गरेमा सिकारुले विद्यालयमा घरको जस्तै सहज वातावरण पाउँछ, विद्यार्थीले घरमा सिकेको विश्व दृष्टिकोणका आधारमा हुने हुनाले सिकाइ उच्च स्तरको हुन्छ, घरमा सुनाइ र बोलाइ भाषिक सीपबाट सिकेको भाषामा पढाइ र लेखाइ सिक्न, सिकाउन सहज हुन्छ, विद्यार्थीको सिकाइ चाँडो र सजिलो हुन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान कार्यलाई पूर्णता दिन र सार्थक निस्कर्षमा पुऱ्याउन पहिले विश्वमा मान्यता प्राप्त सिद्धान्तका आधार लिनु पर्ने हुन्छ । अध्ययन अनुसन्धानबाट पत्ता लगाइएका तथ्यहरू स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनु पर्दछ । मान्यता प्राप्त सिद्धान्तको सहयोगबाट नयाँ समस्याको समाधान गर्न सम्भव हुन्छ । त्यसैले यस अध्ययन कार्यलाई प्रशिद्ध व्यवहारवादी अमेरिकी मनोवैज्ञानिकहरू वि.एफ. स्किनर र थर्नडाइडका क्रमशः क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त र प्रयत्न र भूल सिकाइ सिद्धान्तका साथै अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको आवश्यकताको श्रृङ्खला सिद्धान्तको अध्ययनमा राखी अगाडि बढाइएको छ ।

प्रशिद्ध व्यवहारवादी अमेरिकी मनोवैज्ञानिक व्युहर्स फ्रेडरिक स्किनर (१९०४) को क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त (१९३०) का अनुसार उत्तेजना पुनर्बलयुक्त हुनु पर्दछ । त्यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई नै सिकाइ भनिन्छ । स्किनर (१९३०) का अनुसार सिकाइ वा व्यवहार परिवर्तन, उपलब्ध वातावरणीय उद्धीपकप्रति सहज रूपमा पैदा हुने प्रतिक्रिया र तत्पश्चात प्राप्त हुने पुनर्वलीय उद्धीपकबीचको सम्बन्धबाट सम्भव हुन्छ । यसरी प्रतिक्रिया र पुनर्बलीय उद्धीपकबीचको आपसी सम्बन्धबाट व्यवहार परिवर्तन गराउने प्रक्रिया क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ हो । क्रियात्मकको अर्थ प्रतिक्रियाहरूको समूह हो । यसरी स्वतन्त्र वतावरणमा पुनर्वलको प्रयोगद्वारा यस्ता प्रतिक्रियाहरूलाई नियन्त्रण गरी व्यवहार निर्माण वा सिकाइ प्राप्त गरिन्छ । सिकाइका लागि अभिप्रेरणा, स्वतन्त्र वातावरण तथा हरेक सही प्रतिक्रियापछि पुनर्बल आवश्यक पर्ने ठहर पनि उनले गरेका छन् । प्रतिक्रिया र पुनर्वलीय उद्धीपकबीच घनिष्ट सम्बन्ध स्थापित गरी सम्बन्ध प्रत्यावर्तन गर्न निरन्तर अभ्यासको आवश्यकता पर्ने तथ्य पनि उनले औँल्याएका छन् । वास्तवमा प्रतिक्रिया र पुनर्वलीय उद्धीपकबीचको घनिष्ट सम्बन्धले मात्र प्रभावकारी सिकाइ वा व्यवहार परिर्वतन सम्भव हुन्छ भन्ने यस सिद्धान्तको ठहर हो ।

स्किनर (१९३०) को क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तलाई शिक्षण सिकाइ क्रियाकलापदेखि विद्यार्थी मूल्याङ्कनको पक्षमा समेत प्रभावकारी रूपमा प्रयोगमा ल्याउँदै अधिकतम सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । वास्तवमा निरन्तर रूपमा क्रियाकलाप गर्दै अगाडि बढ्दै जाँदा सिकाइ उपलब्धि प्राप्त गर्न सकिने कुरामा विद्यार्थीहरू पूर्ण रूपमा विश्वस्त हुन सक्छन् । त्यसैले आफ्नो उद्देश्य बमोजिम कार्यमा निरन्तर लागि

रहन, सिकारुको नकारात्मक व्यवहारको नियन्त्रण गर्दै सकारात्मक व्यवहारको निर्माण गर्न कार्यक्रमबद्ध शिक्षण विधि प्रयोग गरी पुनर्वल प्रदान गर्न, अध्ययनमा रुचि नराख्ने र न्यून सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई पनि सफलता प्राप्त गर्न सहयोग गर्दछ ।

प्रसिद्ध अमेरिकी मनोवेज्ञानिक थर्नडाइकले सन् १९१३ मा आफ्नो प्रारम्भिक सिद्धान्तमा परिमार्जन गरी यो सिद्धान्तलाई पूर्णता प्रदान गरेका छन् । यस सिद्धान्तलाई उनले सम्बन्धवादको सिद्धान्त पनि भनेका छन् । सिकाइ प्रक्रियामा कुनै कुरा सिक्दा सुरुमा त्रुटि वा भूल गर्दछ । सिक्दा प्रयत्नहरू बढाउँदै लग्यो भने त्रुटिहरू हट्छन् र अन्त्यमा उसले बिना त्रुटि सिक्दछ । यसैलाई थर्नडाइकले प्रयत्न र भूलको सिद्धान्त भनेका छन् । निरन्तर अभ्यासको माध्यमबाट कमजोरी हटाई सफलतासम्म पुग्ने प्रक्रियालाई प्रयत्न र भूल सिकाइ भनिन्छ । यस सिद्धान्त अनुसार प्राणी सही कुरा छनौट गर्ने र ग्रहण गर्ने कार्य गरी अगाडि बढद्छ ।

थर्नडाइकका अनुसार कुनै पनि कुरा सिक्दा पहिले सिकेका कुरा र अब सिक्ने कुरामा सम्बन्ध स्थापना गर्दै लाने र सहकार्य स्थापना गर्दै सिकाउनु पर्छ । प्रयत्न र भूल सिकाइमा सही र गलत धेरै प्रतिक्रिया गरिन्छ र त्यसमध्ये सही प्रतिक्रिया गरिन्छ र त्यसमध्ये सही प्रतिक्रियाहरू छनौट गर्दै जोड्दै बहुप्रतिक्रियाको सिक्री बनाई सिक्दछ । त्यस्तै धेरै पटक सामिप्यता भएमा, सिक्ने कुरा प्रष्ट भएमा र सिक्ने कुरालाई धेरै पटक बारम्बार दोहोऱ्याएमा जस्तो सुकै कठिन कुरा र सीप पनि सजिलै सिकाउन सकिन्छ ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले आवश्यकताको वैज्ञानिक किसिमले विश्लेषण गरेका छन् । उनले मानिसका आधारभूत आवश्यकतादेखि लिएर सामान्य आवश्यकताहरूलाई प्राथमिकताका आधारमा क्रमश: प्रस्तुत गरेका छन् । उनले सम्पूर्ण मानवीय आवश्यतालाई विभिन्न ७ (सात) प्रकारमा विभाजन गरेर विश्लेषण गरेका छन् ।

क) शारीरिक आवश्यकता

ख) सुरक्षात्मक आवश्यकता

ग) माया प्रेम र अपनत्व सम्बन्धी आवश्यकता

घ) आत्मसम्मानको आवश्यकता

ङ) ज्ञान र समझदारीको आवश्यकता

च) सौन्दर्य सम्बन्धी आवश्यकता

छ) आत्मयथार्थीकरणको आवश्यकता

मास्लोको सिद्धान्त अनुसार आधारभूत तहका आवश्यकताहरू पूरा भएपछि मात्र मानिस माथिल्लो र उच्चतम तहका आवश्यकताहरू पूरा गर्ने कार्यमा क्रियाशील हुन्छ । कक्षाकोठामा वा सिकाइ प्रक्रियामा मास्लोको आवश्यकताको तहलाई प्रयोग गर्दा बालबालिकाले पढ्ने वा सिक्ने विषयवस्तुसँग जोड्न सक्नुपर्छ । उसले कक्षाकोठामा वा अन्य ठाउँमा आर्जन गर्ने ज्ञान सीपले उसका आवश्यकताहरू पूरा गर्दछ र उसको जीवन उज्ज्वल हुन्छ भन्ने कुरामा विश्वस्त पार्न सक्नुपर्दछ । पढाइ केवल पढाइका लागि नभई जीवनका लागि पढाइ वा सिकाइ हो भन्ने कुरा विद्यार्थीलाई बुझाउन सक्नुपर्दछ । विद्यार्थीहरू आधारभूत तहका आवश्यकता पूरा नभएर तड्पिएको अवस्थामा छन् वा उच्चतम तहको आवश्यकता पूरा गर्ने तहमा छन् सोको अध्ययन शिक्षकले गरी जुनसुकै तहको आवश्यकताको सेरोफेरोमा भएपनि विद्यार्थीका ती आवश्यकताहरू उनीहरूले सिक्ने विषयवस्तुले पूर्ण गराउँछन् भन्ने कुरामा विश्वस्त पार्न सक्नुपर्दछ ।

समग्रमा भन्ने हो भने यी माथिका सिद्धान्तहरूको अधीनमा रही शिक्षण सिकाइ क्रियाकलाप गर्न सकेको खण्डमा सिकाइ उपलब्धि बढाउन  सकिन्छ भन्ने मान्यताका आधारमा यो अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनको लागि प्रस्तुत गरिएको स्किनरको क्रियात्मक सम्बन्ध प्रत्यार्वतन सिकाइ सिद्धान्त, थर्नडाइकको प्रयत्न र भूल सिकाइ सिद्धान्त र मास्लोको आवश्यकताको श्रङ्खला सिद्धान्त यो अध्ययनमा बढी उपयोगी हुने देखिन्छ ।

एक निश्चित उद्देश्य निर्धारण गरी सोही उद्देश्य बमोजिम प्रभावकारी ढङ्गले शिक्षण सिकाइ क्रियाकलाप गर्दै अगाडि बढेमा सिकाइ उपलब्धि वृद्धि गराउन सकिन्छ । त्यसैगरी विद्यार्थीहरू पनि आफ्नो उद्देश्य बमोजिम निरन्तर रूपमा क्रियाशील भई अगाडि बढी रहँदा सहजै रूपमा सिकाइ उपलब्धि वृद्धि गर्नका लागि क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तले महत्वपूर्ण सहयोग गर्न सक्छ ।

समग्रमा भन्दा स्किनरको क्रियात्मक सम्बन्ध सिकाइ सिद्धान्तको उपयोग गर्दा बालकको जुनसुकै व्यवहारलाई परिवर्तन गर्न , व्यवहारलाई परिमार्जन गर्न, विद्यार्थीलाई प्रेरणा उपलब्ध गराई कार्यमा सम्लग्न हुन महत्वपूर्ण सहयोग पुग्दछ । स्किनरको सबभन्दा

उपयोग कार्यक्रमबद्ध शिक्षण हो । विद्यार्थीहरूलाई एक निश्चित उद्देश्यहरू सहित कार्यक्रमबद्ध शिक्षण गर्नाले सिकाइ उपलब्धि पूरा गराउन सकिन्छ (भट्टराई, २०६९) ।

नेपाल जस्तो बहुजातीय तथा बहुभाषिक मुलुकमा नेपाली भाषाको माध्यमबाट शिक्षण गर्नु अत्यन्त कठिन कार्य हो । त्यसैले विद्यार्थीको भाषिक पृष्ठभूमिको अध्ययन पश्चात उपयुक्त शैक्षिक सामग्रीहरूको प्रयोग गरी भाषिक सीप विकासमा सहयोग पुग्ने शिक्षण गर्न र सिकाइ उपलब्धि वृद्धि गर्न सम्बन्धित साहित्यको पुनरावलोकनले समेत महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ । माध्यम भाषा नेपाली भएकोले नेपाली भाषिक सीपको विकास भए मात्र अन्य विषयहरू सहज ढङ्गले अध्ययन गरी सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ । यसरी सम्बन्धित साहित्यहरूको पुनरावलोकन र सैद्धान्तिक खाकाले यस अध्ययनलाई दिशाबोध गर्न, अध्ययनको उद्देश्य निर्धारण गरी उपयुक्त अनुसन्धान ढाँचाको निर्माण गर्न सहयोग पुऱ्याएको छ । पूर्वकार्यको समीक्षाले अध्ययन क्षेत्रमा देखिएको अडानलाई पूरा गरी थप अनुसन्धान तर्फ उन्मुख हुन प्रेरित गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङख्या, नमुनाको छनौट, नमुना छनौटको आकार, नमुना छनौटको विधि, नमुना छनौटको आधार, अनुसन्धानका साधनहरू, साधनको वैधता, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनको प्रक्रिया, तथ्याङ्क विश्लेषणको प्रक्रियामा आधारित भएर प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

सामुदायिक विद्यालयको प्राथमिक तहका कक्षा ५ का नेपाली मातृभाषी बालबालिकाहरू र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि के कस्तो छ भन्ने कुरा पत्ता लगाउनको लागि सर्वेक्षणमा आधारित गुणात्मक र परिमाणात्मक दुवै विधि अपनाइने छ । यसमा सर्वेक्षणबाट प्राप्त सूचनाहरूलाई विश्लेषण र विवेचना गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## ३.२. जनसङ्ख्या

यस अध्ययनका लागि मोरङ जिल्लाको केराबारी स्रोत केन्द्र अन्तर्गत सिंहदेवी गा.वि.स.का विद्यालयहरू, प्र.अ.हरू, शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरूलाई जनसङ्ख्याको रूपमा लिइएकोछ ।

## ३.३ नमुना छनौट

यस अध्ययनमा अध्ययनको सुविधाको लागि नमुनाहरू निम्नानुसार छनौट गरिएको छ :

### ३.३.१ नमुनाका आकार

सिंहदेवी गा.वि.स.का ३ वटा विद्यालय, ३ जना प्र.अ. र ३ जना प्राथमिक शिक्षक, ६ जना अभिभावक र प्राथमिक तहका १२ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । यसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : नेपाली र इतर नेपाली मातृभाषी बालकालिकाहरूको विवरण**

| जाति | नेपाली मातृभाषी विद्यार्थी | | | इतर नेपाली मातृभाषी विद्यार्थी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| लिम्बू | - | - | - | ४ | २ | ६ | ६ |
| ठकुरी | २ | ४ | ६ | - | - | - | ६ |
| | | | | जम्मा | | | १२ |

*स्रोत : विद्यालयको अभिलेख, २०६८*

माथिको तालिकामा छनौटमा परेका विद्यालयका कक्षा पाँचका कुल विद्यार्थी संख्या २८ जना मध्ये जम्मा १२ जना बालबालिकालाई मात्र छनौट गरिएको छ। यो छनौट लैङ्गिक आधार, जातीयका आधार, भौगोलिक आधार र उद्देश्य प्राप्तिमा अनुकुलताका आधारमा गरिएको छ। जस्तै १२ जना बालबालिकाहरू मध्ये पनि ६/६ जना छात्रछात्रा रहेका छन्। ६/६ जना नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरू रहेका छन्। लक्ष्मी प्रा.वि. सिंहदेवी ७ का जम्मा ६ जना बालबालिकाहरू मध्ये ३ जना बालबालिकाहरू, पञ्चकन्या प्रा.वि. सिंहदेवी ६ का जम्मा ४ जना बालबालिकाहरू मध्ये २ जना बालबालिकाहरू र कल्याणकारी मा.वि. सिंहदेवी ९ का जम्मा १८ जना बालबालिकाहरू मध्ये ७ जना बालबालिकाहरूलाई अध्ययनका लागि छनौट गरिएको छ।

### ३.३.२ नमुना छनौट विधि

यस अनुसन्धानका लागि छनौट गरिएका नमुनाहरू विभिन्न ठाउँको प्रतिनिधित्व हुने गरी यस अध्ययनको लागि स्रोत केन्द्र अन्तर्गत विद्यालय, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावक उद्देश्यमूलक र सुविधाजनक विधिका आधारमा छनौट गरिएको छ।

### ३.३.३ नमुना छनौट आधार

यस अध्ययनमा विभिन्न ठाउँको प्रतिनिधित्व हुने गरी साधनको पर्याप्ततालाई ध्यान दिदैं लैङ्गिक आधार, जातीयताको आधार, भौगोलिक आधार, उद्देश्य प्राप्तिमा अनुकूलता

आदि कुरालाई समेत ध्यानमा राखी उचित र वैज्ञानिक ढङ्गले कुनै पनि प्रभावमा नपरी नमुना छनौट गरिएका छन् ।

## ३.४ अनुसन्धानका साधनहरू

अनुसन्धानलाई वैज्ञानिक र क्रमबद्ध ढङ्गले निष्कर्षसम्म पुऱ्याउन निश्चित साधनहरूको आवश्यकता पर्दछ तसर्थ तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, लक्षित समूह, छलफल निर्देशिका, अन्तर्वार्ता सूची, अवलोकन फारम र सर्वेक्षण फारम जस्ता साधनहरूको प्रयोग गरिएको छ । जुन यस प्रकार छन् :

### ३.४.१ प्रश्नावली

छनौटमा परेका विद्यालयका ३ जना प्र.अ. र ३ जना प्राथमिक शिक्षकहरूलाई खुल्ला प्रश्नावली दिएर लेख्न लगाई सोही बमोजिम तथ्याङ्क संकलन गर्ने प्रक्रिया सम्पन्न गरियो । प्रश्नावलीको नमुना अनुसूची ७ र ८ मा प्रस्तुत गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता सूची (प्रश्नावली)

अन्तर्वार्ता सूची निर्माण गरी सोही बमोजिम छनौटमा परेका प्राथमिक तहका कक्षा ५ का बालबालिकाहरू, अभिभावकहरू, प्र.अ. तथा बुद्धिजीविहरूलाई प्रत्यक्ष भेटघाट गरी प्रश्न सोधेर तथ्याङ्क संलकन गरियो । जसलाई अनुसूची ९ र १० मा प्रस्तुत गरिएको छ ।

### ३.४.३ लक्षित समूह छलफल निर्देशिका

लक्षित समूह, छलफल निर्देशिका तयार गरी सोही बमोजिम सरोकारवाला शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, बुद्धिजीवि, समाजसेवी, वि.व्य.स., शि.अ.संघ. को व्यापक उपस्थितिमा व्यापक रूपमा छलफल चलाइयो र आवश्यक तथ्याङ्क संकलन गरियो । यसको नमुना अनुसूची ११ मा प्रस्तुत गरिएको छ ।

### ३.४.४ अवलोकन फारम

अवलोकन फारम तयार गरी विद्यालयको अभिलेख, मार्कलेजर, विद्यालयको भौतिक पक्ष र शैक्षिक पक्षको समग्र रूपमा अवलोकन गर्ने कार्य सम्पन्न गरियो । जसको नमुना अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

### ३.४.५ सर्वेक्षण फारम

तथ्याङ्क संकलनका लागि सर्वप्रथम सर्वेक्षण फारम तयार गरी छनौट गरिएका नेपाली र इतर नेपाली मातृभाषी बालबालिकाहरूको विवरण उनीहरूले प्राप्त गरेको विषयगत प्राप्ताङ्क विवरण भरी तयार पारिएको छ, जसलाई अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

अनुसन्धानको साधनहरूको वैधता प्राप्त गर्न शोध निर्देशक, पूर्वशोधकर्ता, विषय विषेशज्ञहरूसँग छलफल गरी सल्लाह सुझाव लिई अनुसन्धानका साधनहरूको परीक्षण गरेर बैधता कायम गरिएकोछ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानको लागि आवश्यक तथ्याङ्कहरू संकलन गर्नका लागि निम्न दुईवटा स्रोतहरू रहेका छन् :

क) प्राथमिक स्रोत

ख) द्वितीय स्रोत

**क) प्राथमिक स्रोत**

प्रश्नावली, अन्तर्वार्ता सूची, लक्षित समूह छलफल निर्देशिका, अवलोकन फारम र सर्वेक्षण फारम प्राथमिक स्रोतहरूमा रहेका छन् ।

**ख) द्वितीय स्रोत**

विद्यालयको अभिलेख, मार्कलेजर, अनुसन्धानात्मक लेख, रचना, पुस्तकहरू पूर्व शोधपत्रहरू द्वितीय स्रोतको रूपमा रहेका छन् ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन गर्ने कार्य ज्यादै कठिन कार्य हो । छनौटमा परेका विद्यालयमा अवलोकन फारम, प्रश्नावलीका साथमा पुगियो । प्र.अ., र शिक्षकलाई प्रश्नावली भर्न लगाई, विद्यार्थी र अभिभावकलाई अन्तर्वार्ता लिई आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । सहायक स्रोतको रूपमा रहेको मार्क लेजरबाट २०६८ सालको कक्षा ५ का विद्यार्थीहरूको प्राप्ताङ्क उतार गरिएको छ । त्यसरी

नै अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, पुस्तक, पत्रपत्रिका तथा पूर्व शोधपत्र अध्ययन गरी आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ ।

विद्यालयका प्र.अ. हरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, बुद्धिजीविहरू, वि.व्य.स., शि.अ.संघको व्यापक उपस्थितिमा व्यापक छलफल चलाइयो । सोही क्रममा प्र.अ., विद्यार्थी, बुद्धिजीवि तथा अभिभावकसँग अन्तर्वार्ता सूचीको आधारमा अन्तर्वार्ता लिएर आवश्यक सूचना संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

प्राप्त तथ्याङ्कलाई तालिका, स्तम्भ चित्र, रेखा चित्र, प्रतिशत, वृत्त चित्र, मध्यमान, मध्यिका, स्तरीय भिन्नता, स्तरीय भिन्नताको गुणाङ्कको माध्यमबाट परिमाणात्मक र गुणात्मक ढंगले विश्लेषण र व्याख्या गरी प्रष्ट पारिएको छ र समस्या समाधानका उपायहरू पत्ता लगाइएको छ । प्राप्त तथ्य तथ्याङ्कलाई उद्देश्यसँग सम्बन्धित साहित्य र सैद्धान्तिक ढाँचासँग सम्बन्धित गरी त्रिकोणात्मक ढंगले विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : विश्लेषण र व्याख्या

अनुसन्धानको प्रमुख कार्य भनेकै तथ्याङ्कको विश्लेषण र व्याख्या हो । जसलाई केन्द्रीय भागका रूपमा लिइन्छ । यसकै आधारमा अनुसन्धानको सुझाव तथा निष्कर्ष निर्देशित हुन्छ ।

यहाँ अनुन्धान गर्न खोजिएको विषय प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक प्रभावको अध्ययन हो । सो अध्ययनका लागि केराबारी श्रोतकेन्द्र अन्तर्गत सिंहदेवी गा.वि.स. का ७ वटा विद्यालयहरू मध्ये ३ ओटा विद्यालयलाई छनौट गरी प्राथमिक तहका कक्षा-५ का विद्यार्थीहरूको प्राप्तांक संकलन गरी अनुसूची ७, ८, ९, १० र ११ बमोजिम प्र.अ.र शिक्षकसँग प्रश्नावली भराई, विद्यार्थी र अभिभावकसँग अन्तर्वार्ता लिई, लक्षित समूहसँग छलफल गराई तथ्याङ्कीय विश्लेषणको आधारमा निष्कर्ष निकालिएको छ ।

## ४.१ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीहरूको सिकाइ उपलब्धि

सबै विद्यार्थीको सिकाइ एकनासको नभई व्यक्तिपिच्छे फरक-फरक हुने गर्दछ । कसैको बढी हुन्छ भने कसैको कम हुन्छ । छनौट गरिएका विद्यालयका नेपाली मातृभाषी र इतर नपाली मातृभाषी विद्यार्थीहरूको लिङ्गीय, जातीय अवस्था र उनीहरूले हासिल गरेका उपलब्धिलाई तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीहरू

छनौटमा परेका विद्यालयका विद्यार्थीको लिङ्ग र जातीय अवस्थालाई आधार बनाई सर्वेक्षण गरी सर्वेक्षण फारम तयार गरी सो बमोजिम भरेर तथ्याङ्क संकलन गरिएको छ । जसलाई अनुसूची १ मा देखाइएको छ ।

### ४.१.२ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीले प्राप्त गरेको विषयगत प्राप्ताङ्को स्थिति

विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्न उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्न नितान्त आवश्यक हुन्छ। विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कले उसको सिकाइ क्षमतालाई बुझाउँछ। जस अनुसार यस अध्ययनमा छनौट गरिएका विद्यार्थीको विषयगत प्राप्ताङ्कको स्थितिलाई अनुसूची २ र ३ मा देखाइएको छ। नेपाली मातृभाषी बालबालिका र इतर नेपाली मातृभाषी बालबालिकाको विषयगत औसत सिकाइ उपलब्धिको तुलना र उनीहरूको औसत प्रतिशत सिकाइ उपलब्धिको तुलना पनि तलको तालिकाको आधारमा गरिएको छ।

**तालिका नं. २**

**नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको विषयगत सिकाइ उपलव्धिको तुलना**

| विषय/विद्यार्थी समूह | नेपाली १०० | अ.अंग्रेजी १०० | गणित १०० | सामाजिक ७५ | सि.अ.क. २५ | विज्ञान ५० | स्वा.शा. ५० | ऐ.अंग्रेजी १०० | जम्मा ६०० |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ७२ | ४० | ३७ | ४५ | १८ | ३९ | ३४ | ४८ | ३३३ |
| इतर नेपाली मातृभाषी | ४२ | ३६ | ४१ | ३६ | १२ | २७ | २८ | ३६ | २५८ |
| अन्तर | ३० | ४ | -४ | ९ | ६ | १२ | ६ | १२ | ७५ |

माथिको तालिकामा गणित बाहेक अन्य सबै विषयमा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम रहेको देखिन्छ। गणितमा पनि ज्यादै थोरै ४ ले मात्र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि बढी भएको देखिन्छ। कुल प्राप्तांकमा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि ७५ ले घटी देखिन्छ।

## ४.२ सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

विद्यार्थीको उपलब्धि कुनै विषयगत प्रकृति विद्यार्थीको रुचि उमेर स्थान विषगत जटिलता र भाषिक कठिनाईमा भर पर्दछ। यस अध्ययनमा प्राथमिक तहका नेपाली मातृभाषी र इतर

नेपाली मातृभाषी विद्यार्थीहरूको विषयगत प्राप्ताङ्कको मध्यक, मध्यिका, स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्क गणना गरी विश्लेषण गरिएको छ ।

### ४.२.१ इतर नेपाली मातृभाषी र नेपाली मातृभाषी वालवालिकाहरूको प्राप्ताङ्कको तुलनात्मक स्थिति

प्राथमिक तहको कक्षा ५ मा जम्मा ६०० पूर्णाङ्कका ८ वटा विषयहरू हुन्छन् । सिर्जनात्मक कला २५ पूर्णाङ्क सामाजिक अध्ययन ५० पूर्णाङ्क विज्ञान तथा वातावरण ५० पूर्णाङ्क र स्वास्थ्य शारीरिक ५० पूर्णाङ्क र बाँकी सबै १०० पूर्णाङ्कका हुन्छन् । छनौट गरिएका विद्यार्थीहरूको औषत विषयगत प्राप्ताङ्क उनीहरूको प्राप्ताङ्क हो । जसले विषगत उपलब्धिलाई बोध गराउँछ । यहाँ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको विषयगत सिकाइ औसत प्रतिशत प्राप्तांकको तुलनात्मक स्थिति र यसबीचको भिन्नतालाई देखाइएको छ ।

**तालिका नं. ३ : नेपाली मातृभाषी  र इतर नेपाली मातृभाषी विद्यार्थीहरूको विषयगत औसत प्रतिशत प्राप्ताङ्कको तुलनात्मक स्थिति**


| क.स. | विषय | पूर्णाङ्क | नेपाली मातृभाषी विद्यार्थीको औषत प्राप्ताङ्क % | इतर नेपाली मातृभाषी विद्यार्थीको औषत प्राप्ताङ्क % | भिन्नता |
|---|---|---|---|---|---|
| १ | नेपाली | १०० | ७२ | ४२ | ३० |
| २ | अनिवार्य अंग्रेजी | १०० | ४० | ३६ | ४ |
| ३ | गणित | १०० | ३७ | ४१ | -४ |
| ४ | सामाजिक | ७५ | ६० | ४८ | १२ |
| ५ | सिर्जनात्मक कला | २५ | ७२ | ४८ | २४ |
| ६ | विज्ञान तथा वातावरण | ५० | ७८ | ५४ | २४ |
| ७ | स्वास्थ्य शारीरिक | ५० | ६८ | ५६ | १२ |
| ८ | ऐ.अंग्रेजी | १०० | ४८ | ३६ | १२ |
| | जम्मा | ६०० | ४७५ | ३६१ | ११४ |

*स्रोत : विद्यालय अभिलेख,२०६८*

माथिको तालिकामा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीको विषयगत औषत प्रतिशत प्राप्ताङ्कलाई देखाइएको छ । सबैभन्दा बढी नेपाली विषयमा औषत प्राप्ताङ्कको फरक ३० प्रतिशत रहेको र सबैभन्दा कम अनिवार्य अंग्रेजी विषयमा र गणित विषयमा ४ प्रतिशतले मात्र फरक रहेका तथ्य देख्न सकिन्छ भने गणित विषयमा नेपाली मातृभाषी विद्यार्थीको औषत प्राप्ताङ्क भन्दा इतर नेपाली मातृभाषी विद्यार्थीको औषत प्राप्ताङ्क ४ प्रतिशतले बढी छ । जबकि अन्य सबै विषयहरूमा नेपाली मातृभाषी विद्यार्थीहरूको औषत प्राप्ताङ्क बढी नै रहेको देखिन्छ । विज्ञान तथा सिर्जनात्मक कलामा २४ र सामाजिक, स्वा.शा. र ऐ. अंग्रेजी विषयमा १२ को फरक देख्न सकिन्छ । अतः नेपाली मातृभाषी बालबालिकाको सिकाइ उपलब्धि भन्दा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ

उपलब्धि नेपाली विषयमा ३० प्रतिशतले, विज्ञान तथा वातावरण र सिर्जनात्मक कलामा २४ प्रतिशतले, सामाजिक, स्वा.शा. र ऐ. अंग्रेजीमा १२ प्रतिशतले र अ. अंग्रेजीमा ४ प्रतिशतले घटी देखिन्छ । कुल प्राप्ताङ्कमा ११४ प्रतिशतले घटी देखिन्छ । घटी वा बढी जतिको अन्तर भए पनि गणित विषय बाहेक अन्य सम्पूर्ण विषयमा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम भएको कुरा स्पष्ट देखिन्छ । यसलाई अझ स्पष्ट पार्न  स्तम्भ चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. १ : नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कको तुलनात्मक स्थिति**




माथिको स्तम्भ चित्रमा नेपाली मातृभाषीको स्तम्भ चित्र माथि उठेको देखिन्छ भने इतर नेपाली मातृभाषीको स्तम्भ चित्र गणित विषय बाहेक अन्य सबै विषयमा कम मात्र उचाई रहेको  छ ।

### ४.२.२ सिकाइ उपलब्धिको तुलनात्मक स्थिति

बालबालिकाहरूको प्राप्तांकको आधारमा गणना गरिएको मध्यक, मध्यिका, स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्कको भिन्नताले अध्ययनको लागि सहयोग पुऱ्याउँछ । त्यसैले यस अध्ययनमा मातृभाषा अनुसार विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको मध्यक, मध्यिका,

स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्कबीच के कति भिन्नता छ भनी हेर्न तलको तालिका प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ४ : मध्यक, मध्यिका र स्तरीय भिन्नता तथा स्तरीय भिन्नताको गुणाङ्कको आधारमा सिकाइ उपलब्धिको तुलनात्मक स्थिति**

| क्र.स. | मातृभाषा | मध्यक | मध्यिका | स्तरीय भिन्नता | स्तरीय भिन्नताको गुणाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नेपाली | ५६ | ५५ | १० | १८% | |
| २ | इतर नेपाली | ४३ | ४५ | ७ | १७ % | |
| | भिन्नता | १३ | १० | ३ | १ % | |

*स्रोत : तथ्याङ्कीय प्रयोगबाट प्राप्त नतिजा,२०६८*

माथिको तालिकामा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कको मध्यक, मध्यिका, स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्कको स्थितिलाई प्रस्तुत गरिएको छ । दुवै मातृभाषी विद्यार्थीको सिकाइ उपलब्धिको मध्यकको भिन्नता १३, मध्यिकाको भिन्नता १०, स्तरीय भिन्नताको फरक ३ र स्तरीय भिन्नताको गुणाङ्कको फरक १% रहेको देखिन्छ । जसमा नेपाली मातृभाषी बालबालिकाहरूको भन्दा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको मध्यक, मध्यिका, स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्क सबै घटी देखिन्छ ।

**४.२.३ इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू**

बालबालिकाको सिकाइ उसको कोक्रोबाट सुरु हुन्छ भन्ने भनाइ प्रचलित छ । सिकाइलाई कुनै एक तत्वले मात्र प्रभाव नपारी विभिन्न तत्वहरूले प्रभाव पारेका हुन्छन् । बालबालिकाहरूको सिकाइ उपलब्धि कमजोर बनाउने तत्व मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्वको सन्दर्भमा छनौटमा परेका प्र.अ., शिक्षक, अभिभावकलाई भराइएको प्रश्नावलीबाट निम्न नतिजा आएको थियो ।

**तालिका नं. ५ : इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू**


| कारण | प्र.अ. | शिक्षक | अभिभावक | जम्मा |
|---|---|---|---|---|
| भाषिक कारण | २ | २ | ५ | ९ |
| घरायसी कारण | - | - | १ | १ |
| नियमित उपस्थित नहुने कारण | - | १ | - | १ |
| शिक्षक तालिम | १ | - | - | १ |
| जम्मा | ३ | ३ | ६ | १२ |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिकामा प्र.अ., शिक्षक, अभिभावकलाई सिकाइ उपलब्धि कमजोर हुनुको कारणहरू के के होलान् भन्ने प्रश्नमा २ जना प्र.अ.ले भाषिक कारण, १ जना प्र.अ.ले शिक्षक तालिम भन्ने जवाफ दिएको पाइयो । सोही प्रश्न शिक्षकलाई गर्दा २ जना शिक्षकबाट भाषिक कारण, १जना शिक्षकबाट नियमित उपस्थित नहुने कारण भन्ने जवाफ दिइएको पाइयो । त्यसै गरी सोही प्रश्न अभिभावकलाई गर्दा ५ जनाले भाषिक कारण, १ जनाले घरायसी कारण भन्ने जवाफ दिएको पाइयो । समग्रमा हेर्दा जम्मा १२ जना मध्ये ९ जना भाषिक कारण भन्ने पक्षमा देखिन्छन् भने अन्य कारणहरूको पक्षमा १/१ जना मात्र देखिन्छन । ७५% भाषिक कठिनाइको कारण सिकाइ उपलब्धिमा प्रभाव पार्ने पक्षमा रहेको देखिन्छ ।

माथिको तालिकालाई अझ प्रष्ट पार्न तलको वृत चित्रमा देखाउने प्रयास गरिएको छ :

**चित्र नं. २ : इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू**




माथिको वृत चित्रमा भाषिक कठिनाइको कारण सिकाइ उपलब्धि कमजोर हुन्छ भन्नेहरूको संख्या ७५% र अन्य कारण बताउनेहरू कम संख्या रहेको देखिन्छ ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात आफूलाई जन्म दिने आमा र आफू जन्मेको ठाउँ स्वर्ग भन्दा पनि प्यारो हुन्छ । यसैसँग सम्बन्धित आफ्नो मातृभाषा पनि सबैलाई प्यारो लाग्छ । बालकले आफ्नो हृदयभित्र उकुसमुकुस भएका कुराहरू मातृभाषाबाट बाहेक अन्य भाषाबाट स्वच्छन्द ढंगले अभिव्यक्त गर्न निश्चय नै सक्दैन । त्यसै गरी कुनै पनि विषयवस्तुलाई मातृभाषाबाट जति सहज तरिकाबाट सिक्न सक्छ त्यति अरु भाषाबाट सिक्न सक्दैन । भट्टराई र सापकोटा (२०६८) ले पनि मातृभाषाबाट सिकेको ज्ञान जति पूर्ण हुन्छ त्यति दोस्रो भाषाबाट सम्भव नहुने कुरा उल्लेख गरेका छन् । सामुदायिक विद्यालयहरूमा पढ्ने र पढाउने माध्यम भाषा नेपाली भएको हुँदा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा भाषिक कठिनाइले सबैभन्दा बढी प्रभाव पारेको कुरा पुष्टि हुन्छ ।

शासनको बागडोर सम्हाल्ने शासकहरू, नीति निर्माण गर्ने तहमा बसेका उच्च पदस्थ कर्मचारीहरू, न्यायमूर्तिहरू, राजनीतिज्ञहरू, ज्ञानको ज्योति छर्ने शिक्षकहरू अधिकांश रूपमा नेपाली मातृभाषीहरू रहेको परिप्रेक्ष्यमा उनीहरू नै सामाजिक रूपमा प्रतिष्ठित, आर्थिक रूपमा सम्पन्न, विद्यालयमा पढ्ने र पढाउने माध्यम भाषा नेपाली सरकारी कामकाजको भाषा समेत नेपाली भएको कारणले गर्दा पनि नेपाली मातृभाषी

बालबालिकाहरूको सिकाइ उपलब्धि बढी हुन गएको र यसको विपरीत राज्यबाट उपेक्षित, विभिन्न अवसरबाट वञ्चित, राज्यका विभिन्न निकायहरूमा पहुँच नभएको कारण गरिबी, चेतनाको अभाव, सामाजिक प्रतिष्ठामा कमी आदि जस्ता तत्वहरूबाट इतर नेपाली मातृभाषी बालबालिकाहरू शिक्षाप्रति कम भरोसा राख्छन् र कम मात्र उत्प्रेरित हुन्छन् । यसले गर्दा आफ्ना बालबालिकाहरूलाई सही मार्गदर्शन गर्न सक्दैनन् । परिणामस्वरूप इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम भएको हो भन्न सकिन्छ ।

इतर नेपाली मातृभाषी बालबालिकाहरूको सन्दर्भमा अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको आवश्यकताको श्रङ्खलाको सिद्धान्त केही हदसम्म मिल्दोजुल्दो देखिन्छ । मास्लोको अनुसार मानिसका तल्लो स्तर देखि माथिल्लो स्तरका सात प्रकारका आवश्यकताहरू हुन्छन् । ती आवश्यकताहरू पूरा गर्ने क्रममा व्यक्तिले सबैभन्दा पहिला तल्लो स्तरका आवश्यकताहरू पूरा गर्न थाल्दछ । सो पूरा गरिसकेपछि मात्र क्रमिक रूपमा माथिल्लो र उच्चतम स्तरको आवश्यकता पूरा गर्न उत्प्रेरित हुन्छ । वास्तवमा इतर नेपाली मातृभाषी बालबालिकाहरूका अभिभावकहरू आर्थिक विपन्नताको ज्वलन्त समस्याको कारण गाँस, बास र कपास जस्ता सबैभन्दा तल्लो आधारभूत आवश्यकता पूरा गर्नमै रुमल्लिनु पर्दा शिक्षाको महत्वको बारेमा सोच्ने मौका समेत पाएका हुँदैनन् । आफ्ना बालबालिकाको पढाइ लेखाइलाई भन्दा पनि गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकतालाई उच्च प्राथमिकता दिनु पर्ने बाध्यात्मक परिस्थिति सृजना भएको हुन्छ । यसको नकारात्मक असर प्रत्यक्ष रूपमा ती कलिला बालबालिकाहरूमा नपर्ने कुरै भएन । यही कारणले गर्दा पनि उनीहरू दिशाविहीन, उद्देश्यविहीन, नेतृत्वविहीन र बेसहरा भएर मुश्किलले विद्यालयमा गई अध्ययन गर्नुपर्ने हुँदा उनीहरूको सिकाइ उपलब्धि कम भएको हो भन्न सकिन्छ ।

## ४.३ सिकाइ उपलब्धि र मातृभाषासँग सम्बन्धित समस्याहरू

मोरङ जिल्लाको केराबारी स्रोत केन्द्र अन्तरगत सिंहदेवी गा.वि.स.का सामुदायिक विद्यालयमा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिलाई केलाउँदा छनौटमा परेका विद्यालयहरूमा छलफल, भेटघाट, विद्यार्थीहरूको प्राप्ताङ्कको स्थिति, शिक्षक, अभिभावक, प्र.अ. र विद्यार्थीलाई भराएको प्रश्नावलीको आधारलाई हेर्दा व्यापक समस्याहरू पाइयो । जुन निम्नानुसार अलग अलग प्रस्तुत गरिएको छ :

## ४.३.१ आर्थिक समस्या

विद्यार्थीको उपलब्धि नै समग्र सिकाइ उपलब्धि हो । विद्यार्थीको कमजोर हुनु भनेको उसको सिकाइ उपलब्धि कम हुनु हो । यस अध्ययनमा छनौट गरिएका विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क, व्यवहार र अनुभवको आधारमा विश्लेषण गर्दा देखिएका समस्याहरू मध्ये आर्थिक समस्या पनि प्रमुख रूपमा रहेको पाइयो । सुनौलो भविष्य बोकेका भविष्यका कर्णधार आजका ती कलिला बालबालिकाहरू घरायसी कामका कारण विद्यालयमा नियमित रूपमा उपस्थित भएपनि भाग्ने गरेको, उपस्थित हुन नसकेको, गरिबीको कारण घरमा उपयुक्त वातावरणको अभावले गर्दा घरमा अध्ययन गर्न नसक्नु, गृहकार्य गर्न नसक्नु जस्ता समस्याबाट ग्रसित भएका छन् । त्यसैगरी राज्यले शिक्षामा कम लगानी गरी शिक्षालाई कम महत्व दिएको, विस्तारै विद्यालयबाट हात झिक्न थालेको, पर्याप्त दरवन्दीको व्यवस्था नगरिएको, पाठ्यपुस्तक, छात्रवृत्ति, पोशाक विद्यालय भवन निर्माण देखि अन्य भौतिक पूर्वाधारमा सरकार उदासीन रहेको, राज्यले इतर नेपाली मातृभाषी बालबालिकाहरूलाई छुट्टै आर्थिक सुविधा दिन नसकेको जस्ता कारणहरूले गर्दा नेपाली मातृभाषी बालबालिकाहरूको भन्दा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम रहेको पाइयो ।

## ४.३.२ सामाजिक समस्या

इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कमी हुनुमा विभिन्न समस्याहरू मध्ये सामाजिक समस्या पनि एक प्रमुख रूपमा रहेको पाइन्छ । इतर नेपाली मातृभाषी बालबालिकाहरूमा भविष्यप्रति चिन्ता र चासो कम हुनु, उनीहरूका अभिभावकहरूमा शिक्षाप्रतिको चेतनाको कमी हुनु, अभिभावकको विद्यालयप्रति र आफ्ना बालबालिकाको पढाइप्रति चासो नहुनु, उचित पारिवारिक वातावरणको अभाव, उनीहरूको घर परिवारमा मातृभाषी बोल्ने प्रचलनका कारण भाषिक कठिनाइ हुनु, खानपान, रहनसहन, धार्मिक, सांस्कृतिक तथा सामाजिक संस्कार, चालचलन, मूल्यमान्यतामा सुधार हुन नसक्नु, बालबालिकाहरूले एकआपसमा घुलमिल र अन्तर्क्रिया सहज रूपमा खुलस्त ढंगबाट गर्न नसक्नु जस्ता सामाजिक समस्याहरूको कारणबाट उनीहरूको सिकाइ उपलब्धि कम भएको पाइयो ।

### ४.३.३ शैक्षिक समस्या

सामुदायिक विद्यालयहरूमा विभिन्न शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको अभाव, व्यवस्थित पुस्तकालयको अभाव, विज्ञान प्रयोगशालाको अभाव, तालिमप्राप्त शिक्षकको अभाव, वार्षिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना, पाठनोटको निर्माण हुन नसक्नु, भएपनि त्यसको कार्यान्वनयन हुन नसक्नु, पाठ्यक्रम, शिक्षक निर्देशिकाको प्रयोग नहुनु, शिक्षक तथा विद्यार्थी नियमित रूपमा विद्यालयमा उपस्थित नहुनु, वि.व्य.स., शि.अ.संघ, स्रोत व्यक्ति तथा वि.नि.बाट नियमित रूपमा अनुगमन तथा अवलोकन नहुनु, प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने सरकारको नीति भएपनि त्यसलाई कार्यान्वयन गर्न नसक्नु, पर्याप्त शैक्षिक सामग्रीको प्रयोग गरी प्रभावकारी ढंगले शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न नसक्नु, विद्यालयमा घेराबाराको अभावले गर्दा विद्यालयमा उचित शैक्षिक वातावरण नहुनु, विद्यालयमा ट्युशन र कोचिङ् कक्षाको व्यवस्था नहुनु, शिक्षकहरूले आफ्नो पेशागत विकास गर्न नसक्नु, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई कडाइका साथ लागू गर्न नसक्नु, अभिभावक, शिक्षक तथा विद्यार्थीको बीचमा बेलाबेलामा अन्तक्रिया कार्यक्रम संचालन हुन नसक्नु, इतर नेपाली मातृभाषी बालबालिकाहरूका लागि छुट्टै कक्षाको व्यवस्था हुन नसक्नु आदि जस्ता शैक्षिक समस्याहरूको कारणले गर्दा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम रहेको पाइयो ।

## ४.४ सिकाइ उपलब्धि बढाउने उपायहरू

विद्यार्थीको सिकाइ उपलब्धिमा एउटा तत्वले मात्र नभई विभिन्न तत्वहरूले प्रभाव पारिरहेको हुन्छ । बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउनको लागि अनेकौं प्रयासहरू गर्नुपर्छ । यस अध्ययनको सहयोगले कमजोर सिकाइ भएका विद्यार्थीको उपलब्धि बढाउन के गर्नु पर्ला भन्ने विषयमा छनौट गरिएका सम्बन्धित पक्षको तथ्याङ्कलाई तल प्रस्तुत गरिएको छ र सिकाइ उपलब्धि बढाउनको लागि अपनाउनु पर्ने उपायहरूलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।


**तालिका नं. ६ : सिकाइ उपलब्धि बढाउने उपायहरू**

| उपायहरू | प्र.अ. | शिक्षक | अभिभावक | जम्मा |
|---|---|---|---|---|
| मातृभाषामा शिक्षण गर्नु पर्ने | २ | २ | ५ | ९ |
| निरन्तर मूल्याङ्कन प्रणालीलाई लागू गर्नु पर्ने | १ | - | - | १ |
| पढाइमा कडाइ गर्ने | - | - | १ | १ |
| नियमित रूपमा विद्यालय आउन प्रोत्साह गर्ने | - | १ | - | १ |
| जम्मा | ३ | ३ | ६ | १२ |

*स्रोत : स्थलगत अध्ययन*

माथिको तालिकामा बालबालिकाको सिकाइ उपलब्धि बढाउने उपायहरू के के हुन् ? भन्ने प्रश्नको जवाफमा प्र.३ जना मध्ये २ जनाले मातृभाषामा शिक्षण गर्नु पर्ने, १ जनाले निरन्तर मूल्याङ्कन प्रणालीलाई लागू गर्नु पर्ने भन्ने बताए भने ३ जना शिक्षकमा २ जनाले मातृभाषामा शिक्षण गर्नु पर्ने, १जनाले नियमित रूपमा विद्यालय आउन प्रोत्साहन गर्नु पर्ने बताए अभिभावकसँग सोही प्रश्न राख्दा ५ जनाले मातृभाषामा शिक्षण गर्नु पर्ने १ जनाले पढाइमा कडाइ गर्नु पर्ने बताइएको पाइयो । समग्रमा १२ जनालाई भराइएको प्रश्नावलीमा ९ जनाले मातृभाषामा शिक्षण गर्नु पर्ने १/१ जनाले क्रमश: निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई लागू गर्नु पर्ने, पढाइमा कडाइ गर्नु पर्ने नियमित रूपमा विद्यालयमा आउन प्रोत्साहन गर्नु पर्ने बताए ।

**चित्र नं ३ : सिकाइ उपलब्धि बढाउने उपायहरू**





मातृभाषामा शिक्षण गरेमा विद्यार्थीहरूले सबैभन्दा बढी राम्ररी बुझ्ने अवसर प्राप्त गर्दछन् । बालबालिकाहरूले सुनिरहेको र बोलिरहेको भाषामा शिक्षण गर्दा उनीहरूमा सुनाइ र बोलाइ मात्र होइन पढाइ र लेखाइमा पनि सामर्थ्य प्राप्त हुने र आत्मविश्वास जाग्ने गर्दछ । यही क्रममा उनीहरूलाई कामकाजी भाषामा परिचित गराइन्छ । सोही कामकाजी भाषामा बोलचाल गर्न पनि सिकाइन्छ । यसपछि पढाइ र लेखाइप्रति पनि क्रमशः उनीहरूलाई डोऱ्याउने काम गरिन्छ । यसरी विद्यार्थीहरूको मातृभाषामा पठनपाठनको वातावरण तयार गरी सिकाइ प्रक्रिया अगाडि बढाएर अन्य भाषामा क्रमशः स्तानान्तरण गरिनु पर्दछ । शिक्षण सिकाइ प्रक्रियामा मातृभाषाको प्रयोग गर्नुपर्ने प्रमुख कारणहरूमा मातृभाषाको माध्यमबाट सिकाइ गरेमा सिकारुले घरको जस्तै सहज वातावरण पाउँछ । विद्यार्थीले घरमा सिकेको विश्वदृष्टिकोणको आधारमा हुने हुनाले सिकाइ उच्च स्तरको हुन्छ । घरमा सुनाइ र बोलाइ भाषिक सीपबाट सिकेको भाषामा पढाइ र लेखाइ सिक्न सिकाउन सजिलो हुन्छ । विद्यार्थीको सिकाइ चाँडो र सजिलो हुन्छ । इतर नेपाली मातृभाषी बालबालिकाहरू अनुत्तीर्ण हुने, कक्षा छाड्ने जस्ता समस्याहरू स्वतः हट्छन् ।

विद्यार्थी क्षेत्र सुधार (२०६४) मा मातृभाषा शिक्षण बारे विस्तृत चर्चा गरिएको छ । ती मध्ये केहीलाई उल्लेख गर्नु सान्दर्भिक ठहर्छ । तल्ला कक्षाका अनिवार्य शिक्षण सामग्रीहरू केन्द्रीय सरकारबाट उपलब्ध गराइनेछ । स्थानीय सरकारले मातृभाषा शिक्षणका लागि प्राविधिक आर्थिक स्रोत साधन उपलव्ध गराउनेछ । शिक्षकहरूको तयारी कार्यक्रमलाई

आधारभूत शिक्षाको प्रारम्भिक तहका शिक्षकहरूलाई मातृभाषामा शिक्षण गर्न सक्ने गरी सक्षम बनाउने तयारी गरिनेछ । स्थानीय रूपमा प्राप्त मानव स्रोत साधनलाई प्रारम्भिक कक्षाहरूमा मातृभाषामा शिक्षण कार्यका लागि बृहत्तर रूपमा प्रयोग गरिनेछ ।

**चित्र नं. ४**

**सिकाइ उपलब्धि बढाउने उपायहरू**




उपरोक्त वृत्तचित्रमा स्पष्ट रूपमा के कुरा देख्न सकिन्छ भने बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउनका लागि अपनाउनु पर्ने उपायहरूमा मातृभाषामा शिक्षण गर्नुपर्ने ७५%, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने ८.३३%, पढाइमा कडाइ गर्नुपर्ने ८.३३% र नियमित रूपमा विद्यालय आउन प्रोत्साहन गर्नुपर्ने ८.३३ % प्र.अ. र शिक्षकलाई भराइएको प्रश्नावलीको आधारमा संकलित तथ्याङ्कबाट पाइयो ।

श्री पञ्चकन्या प्रा.वि. का प्र.अ. खड्गबहादुर लिम्बू भन्नुहुन्छ, 'बालबालिकाहरूलाई प्राथमिक तहमा मातृभाषामा शिक्षण गरे सिकाइ उपलब्धि बढाउन सकिन्छ । हाम्रो विद्यालयमा मातृभाषामा अध्यापन नगरेपनि शतप्रतिशत लिम्बूभाषी विद्यार्थीहरू भएकाले

आनिपान शिक्षा अर्थात लिम्बू भाषाको एउटा छुट्टै कक्षा सञ्चालन गरिएको छ । उनीहरूको मातृभाषा लिम्बू भएकाले कतिपय अवस्थामा विषयवस्तुलाई प्रष्ट्याउने क्रममा लिम्बू भाषाकै प्रयोग गर्नु पर्ने हुन्छ । यसो गर्दा उनीहरू खुशी हुन्छन् र विषयवस्तुमा पनि स्पष्ट हुन्छन् ।' त्यसैगरी बुद्धिजीवि शिक्षक भीमबहादुर ठकुरीको भनाइ पनि यस्तै छ । 'लिम्बू भाषाकै माध्यमबाट शिक्षण गर्दा बढी प्रभावकारी हुने देखिन्छ किनकि कतिपय अवस्थामा लिम्बू भाषा कै प्रयोग गर्दा मात्र विद्यार्थीहरूले राम्ररी बुझ्न सक्छन् ।"

प्रशिद्ध व्यवहारवादी अमेरिकी मनोवैज्ञानिक थर्नडाइकको प्रयत्न र मूल सिकाइ सिद्धान्तलाई यस परिस्थितिमा उपयोग गर्नु बढी सान्दर्भिक देखिन्छ । निरन्तर रूपमा अभ्यासको माध्यमबाट त्रुटिहरूलाई क्रमशः हटाउँदै सफलता प्राप्त गर्न सकिन्छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन सकिन्छ । थर्नडाइकका अनुसार पहिले सिकेको कुरा र सिक्नुपर्ने कुरामा सम्बन्ध स्थापना गर्दै लाने र साहचर्य स्थापित गर्दै सिकाउन सकेको खण्डमा सिकाइ उपलब्धि बढाउन सकिन्छ । त्यसैगरी धेरै पटक सामिप्यता भएमा, सिक्ने कुरा प्रष्ट भएमा र सिक्ने कुरालाई बारम्बार दोहोऱ्याएमा जस्तोसुकै कठिन कुरा र सीप पनि सजिलै सिकाउन सकिन्छ ।

प्रयत्न र भूल सिकाइ सिद्धान्तलाई शिक्षा क्षेत्रमा निम्नानुसार उपयोग गरेर सिकाइ उपलब्धि बढाउन सकिन्छ :

- विद्यार्थीलाई शारीरिक र मानसिक रूपले तयार गर्ने ।
- विद्यार्थीको तयारी अनुसार पाठयोजना बनाइ शिक्षण गर्ने ।
- सिक्ने विद्यार्थीको उत्प्रेरणा जगाउने ।
- विद्यार्थीहरूको परिपक्वताअनुसार शिक्षकले विभिन्न क्रियाकलाप गर्ने ।
- सिकाइ बलियो बनाउन अभ्यासमा जोड दिने ।
- सिकाइका लागि सुखद वातावरण तयार गर्ने ।
- शिक्षण विधिमा विविधता ल्याउने ।
- मिल्नेमिल्ने कुरा एकीकृत गरी पठाउने ।
- पृष्ठपोषणको प्रयोग गर्ने ।

(रेग्मी, मुरारीप्रसाद र साथीहरू, २०६४) ।

यसै गरी बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउनका लागि स्किनरको क्रियात्मक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार प्रयोग गर्न सकिन्छ :

- विद्यार्थीहरूको मूल्य मान्यता अनुरूप हुने गरी सकारात्मक व्यवहारको पहिचान गर्नुपर्दछ ।
- विद्यार्थीहरूलाई पुनर्लेखन गर्ने मौका दिनुपर्दछ ।
- शैक्षिक प्रयासका लागि आवश्यक पुरस्कार शिक्षण संस्थाबाट उपलब्ध गराउनु पर्दछ ।
- नयाँ सीपहरू विद्यार्थीहरूले सिक्दा वा प्रयोग गर्दा पर्याप्त पुनर्बल वा पुरस्कार दिनुपर्दछ ।
- नयाँ व्यवहार सिकेपछि अनिश्चित पुनर्बल समय तालिकाअनुसार पुरस्कार दिएर प्रोत्साहित गर्नु पर्दछ ।
- समस्या भएका छात्रछात्राहरूलाई पनि राम्रो काम देखाएमा पुरस्कार दिने वा प्रशंसा गर्न सकिन्छ ।
- विद्यार्थीहरूलाई रोजाएर पुरस्कार दिनु पर्दछ ।
- क्रियात्मक सिकाइमा स्किनरको भनाइ छ कि पुनर्वलको उपयुक्त प्रयोग कक्षाकोठाको सिकाइमा गर्न सकिन्छ । विद्यार्थीको पढ्ने, सिक्ने व्यवहारसित पुनर्बलहरूलाई मिलाएर वितरण गर्नुपर्दछ । यसैलाई कक्षाकोठा सम्बन्ध व्यवस्थापन भनिन्छ । शिक्षकले विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने र शिक्षक, शिक्षण, कक्षाको वातावरण एवम् विद्यार्थी र पाठ यी सबै एकअर्कामा आश्रित हुनु तथा शिक्षकको कार्य व्यवस्थापक जस्तै सफलताका सम्भावनाहरूले भरिएको हुन्छ (रेग्मी, मुरारीप्रसाद र साथीहरू, २०६४) ।

जवरा (२०६४), ले क्रियात्मक सम्बन्ध पत्यावर्तन सिकाइ सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुने कुरा उल्लेख गरेका छन् :

- विद्यार्थीको प्रवेशात्मक व्यवहारको पहिचान गरी उक्त व्यवहारप्रति रहेको पूर्वधारणा, सीप, प्रवृत्तिलाई क्रमबद्ध रूपमा कार्यान्वयन गराउँदै लैजानुपर्दछ ।

- कक्षाकोठामा विद्यार्थीको व्यवहारको लेखाजोखा गर्दै सकारात्मक/नकरात्मक पुरस्कार/पुनर्बलको प्रयोग ठीक ठीक ठाउँमा गर्नुपर्दछ।
- विद्यार्थीको सिकाइ प्रतिको व्यवहार पहिचान गरी अपेक्षित व्यवहार प्राप्तिका लागि सुनियोजित रूपले पुरस्कार प्रदान गर्नुपर्दछ। तर त्यसका लागि व्यवस्थित ढंगले योजना तयार गरी विद्यार्थीहरूलाई आफ्नो व्यवहार देखाउने अवसर प्रदान गर्दै उसको व्यवहारलाई नियाल्दै सिकाइको अवस्था पहिचान गर्न सकिन्छ।
- कक्षाकोठा सिकाइ हुने औपचारिक स्थल हो। यहाँ विद्यार्थीलाई उसको अवस्थाअनुसार सिकाइका अवसरहरू प्रदान गर्दै जानुपर्दछ। यसका लागि पूर्वनिर्धारित योजनाको आवश्यकता पर्दछ। त्यसैले यो सिकाइ सिद्धान्तलाई विद्यार्थीको व्यवहार परिवर्तनका लागि योजनाबद्ध तरिकाले प्रयोग गर्न सकिन्छ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको आवश्यकता श्रृखला सिद्धान्तअनुसार कक्षा शिक्षणका सन्दर्भमा शिक्षकले विद्यार्थीले सिक्ने विषयवस्तुलाई उनीहरूको प्राथमिक आवश्यकतासँग जोड्नु पर्दछ। आवश्यकता र आवश्यकता पूरा गर्ने साधनको आपूर्तिका रूपमा स्थापित गर्न सक्नुपर्दछ। सिक्ने विषयवस्तु र जीवनबीचको सम्बन्ध गाँस्न सक्नु पर्दछ। जसले गर्दा विद्यार्थीहरू सिकाइ प्रति सधै प्रोत्साहित भइरहन्छन्। परिणामस्वरूप सिकाइ उपलब्धि पनि सहजै बढाउन सकिन्छ।

मनोवैज्ञानिक एट्किन्सनले पनि यसै कुरालाई पुष्टि गरेका छन्। उनका अनुसार मानिले अपेक्षित उपलब्धि हासिल गरेको अवस्थालाई सफलता भनिन्छ। आफ्नो लक्ष्यमा सफलता प्राप्त गर्न विद्यार्थीहरूलाई उनीहरूको आवश्यकतासँग सम्बन्धित गराई लक्ष्य निर्धारण गर्ने र लक्ष्य एकाग्रताको बानीको विकास गराउनु पर्दछ। लक्ष्यप्रति एकाग्रताको विकास भएपछि मानिस लक्ष्योन्मुख हुन्छ। कक्षाकोठामा विद्यार्थीहरूको यस किसिमको उपलब्धिको निरन्तर मूल्याङ्कन गरी उनीहरूलाई निरन्तर पृष्ठपोषण दिइरहनाले विद्यार्थीको सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ (रेग्मी, मुरारीप्रसाद र साथीहरू, २०६४)।

यी माथिका सिकाइ सिद्धान्तहरुको उपयोग गरी सञ्चालन गरी मातृभाषामा समेत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकेको खण्डमा निश्चय नै इतर नेपाली मातृभाषी बालबालिकाहरुको सिकाइ उपलब्धि बढाउन सकिन्छ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्तिहरू

यस अनुसन्धान कार्यमा निम्न प्रकारका प्राप्तिहरू प्राप्त गरिएको छ :
नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको विषयगत प्रतिशत प्राप्ताङ्कको औषतलाई हेर्दा गणित बाहेक सबै विषयहरूमा इतर नेपाली मातृभाषी बालबालिकाहरूको कम प्राप्ताङ्क पाइयो । नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कमा सबैभन्दा बढी भिन्नता नेपाली विषयमा र सबैभन्दा कम भिन्नता अंग्रेजी र गणित विषयमा पाइयो । सिकाइ उपलब्धिको विषयगत स्थितिलाई हेर्दा सबैभन्दा कम सिकाइ उपलब्धि, नेपाली मातृभाषी बालबालिकाहरूको गणित र इतर नेपाली मातृभाषी बालबालिकाहरूको अनिवार्य अंग्रेजी र ऐ.अंग्रेजी पाइयो । नेपाली मातृभाषी बालबालिकाहरूको सबैभन्दा बढी सिकाइ उपलब्धि नेपाली र सिर्जनात्मक कला र इतर नेपाली मातृभाषी बालबालिकाहरूको स्वास्थ शारीरिक विषयमा पाइयो । नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको मध्यक तथा मध्यिका र इतर नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको सिकाइ उपलब्धिको मध्यक तथा मध्यिका वीच क्रमशः १३ र १०को भिन्नता पाइयो । दुवै मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको मध्यक र मध्यिका ६०% भन्दा कम नै रहेको पाइयो ।

प्र.अ., शिक्षक, अभिभावक गरी जम्मा १२ जनालाई भराइएको प्रश्नावलीमा ९ जनाले अर्थात ७५% ले भाषिक कठिनाइको कारणले सिकाइ उपलब्धिमा बढी प्रभाव पारेको बताइएको पाइयो । इतर नेपाली मातृभाषी बालबालिकाहरूको लागि छुट्टै विशेष शिक्षाको कार्यक्रम नभएको आदि जस्ता कारणले नेपाली मातृभाषी बालबालिकाहरूको भन्दा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कम हुने बताइएको पाइयो । विभिन्न क्षेत्रका सरोकारवालाहरू जस्तै प्र.अ. शिक्षक, वि.व्य.स., शिक्षक, अभिभावक संघ, बुद्धिजीवि, अभिभावक, पार्टी कार्यकर्ताहरू, समाजसेवी र नागरिक समाजसँग छलफलको निष्कर्षमा घरायसी समस्या, अभिभावकको चेतनाको कमी भाषिक कठिनाइ, मातृभाषामा शिक्षण नभएको, पारिवारिक, सामाजिक, सांस्कृतिक कारण, कमजोर आर्थिक अवस्था रहेको पाइयो ।

इतर नेपाली मातृभाषी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने उपायहरू मध्ये सबैभन्दा बढी प्रभावकारी उपायको जवाफमा प्र.अ., शिक्षक र अभिभावको राय बुझ्दा १२ जना मध्ये ९ जना अर्थात ७५% ले मातृभाषामा शिक्षण गर्नु पर्ने बताइएको पाइयो ।

## ५.२ निष्कर्ष

प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन विषयमा यो शोध केन्द्रित रहेको थियो । तथ्याङ्क संकलन तथा प्रस्तुतिकरण तथा व्याख्या र विश्लेषण पश्चात नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा भिन्नता पाइएको छ । इतर नेपाली मातृभाषी बालबालिकाहरूको पनि गणित विषयमा राम्रै सिकाइ उपलब्धि पाइयो । जुन नेपाली मातृभाषीको भन्दा बढी छ । समग्रमा नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि सन्तोषजनक रहेको पाइयो ।

नेपाली मातृभाषी बालबालिकाहरूको विषयगत औषत सिकाइ उपलब्धिलाई हेर्दा धेरै बढी अंकदेखि धेरै कम अंकसम्म अर्थात धेरै उतारचढाव देखियो भने इतर नेपाली मातृभाषी विद्यार्थीहरूको विषयगत औषत सिकाइ उपलब्धि धेरै उतारचढाब नभई सामान्य नै रहेको पाइयो । गरिब इतर नेपाली मातृभाषी बालबालिकाहरूको लागि आर्थिक सहायता प्रदान गर्दै विशेष शिक्षा कार्यक्रम लागू गरी मातृभाषामा शिक्षण गर्न सके शिक्षाको गुणात्मकतामा वृद्धि गर्न महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ । छनौट गरिएको नमुनाबाट प्राप्त तथ्याङ्क विश्लेषण गरी हेर्दा नेपाली मातृभाषी बालबालिकाहरूको तुलनामा इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि न्यून रहेको, शिक्षक तालिमको कमी रहेको, पाठ्यक्रम कार्यान्वयन नभएको, शिक्षक शिक्षण पेशाप्रति उदासीन रहेको, कमजोर विद्यार्थीका लागि उपयुक्त व्यवस्था नभएको जस्ता समस्या रहेकोमा उक्त समस्या निराकरणका लागि शैक्षिक सामग्री, पाठ्यपुस्तक, सन्दर्भ सामग्री र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी मातृभाषामा शिक्षण गर्न सके सिकाइ उपलब्धिमा सुधार हुने निष्कर्ष निकाल्न सकिन्छ ।

प्र.अ. र शिक्षकहरूबीच समझदारी, समन्वय, सामाज्यस्यता, आत्मीय व्यवहार हुनु पर्ने, वैज्ञानिक ढंगले शिक्षण गर्न शैक्षिक सामग्रीको प्रर्याप्त व्यवस्था हुनु पर्ने, शिक्षक तालिमको व्यवस्था हुनु पर्ने राम्रो काम गर्ने शिक्षकहरूलाई प्रोत्साहन दिनु पर्ने आदि जस्ता

कुराको व्यवस्था भएमा नेपाली मातृभाषी बालबालिकाहरू र इतर नेपाली मातृभाषीहरूको सिकाइ उपलब्धिमा आएका भिन्नताहरूलाई कम गर्न सकिन्छ ।

संक्षेपमा भन्नु पर्दा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको औषत सिकाइ उपलब्धि ६०%भन्दा कम देखिएकोले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन इतर नेपाली मातृभाषीको लागि विशेष प्याकेज कार्यक्रम र नेपाली मातृभाषी बालबालिकाहरूका लागि पनि थप कार्यक्रम बनाई यथाशीघ्र लागू गर्नु पर्ने देखिन्छ ।

## ५.३ सुझावहरू

प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि वीचको तुलनात्मक स्थिति अध्ययन गरी सिकाइ उपलब्धिमा मातृभाषाको कस्तो प्रभाव पर्दछ भन्ने विषयमा यो अनुसन्धान केन्द्रित रहेको थियो साथै इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउने उपायहरूको खोजी गर्ने उद्देश्यमा समेत यो अध्ययन आधारित भएकोले अनुसन्धाको लागि संकलन गरिएका तथ्याङ्कहरूको आधारमा केही सुझावहरू प्रस्तुत गरिएको छ ।

## क) नीतिगत तह

इतर नेपाली मातृभाषी बालबालिकाहरूको गणित बाहेक सबै विषयमा कम प्रतिशत प्राप्ताङ्क भएकोले उनीहरूका लागि विशेष कक्षा संचालनका लागि नीति निर्माण गर्नुपर्ने देखिन्छ । शिक्षकहरूलाई बहुभाषा शिक्षणको व्यवस्था गर्नुपर्ने, इतर नेपाली मातृभाषी बालबालिकाहरूका लागि विशेष प्योकज कार्यक्रमको व्यवस्था गर्ने नीतिगत व्यवस्था हुनुपर्ने देखिन्छ । इतर नेपाली मातृभाषी बालबालिकाहहरूको प्राथमिक शिक्षामा व्यापक सहभागिता बढाउनका लागि सबैलाई एउटै धरातलमा नराखी राष्ट्रिय स्तरबाटै छुट्टै आरक्षणको व्यवस्था गरिनु पर्दछ । अन्धविश्वास, कुप्रथा, कुसंस्कारलाई जरैदेखि फ्याँक्न समाजमा चेतनामूलक कार्यक्रम संचालन गर्ने नीति निर्माण गर्नुपर्ने देखिन्छ । इतर नेपाली मातृभाषी विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति, पोशाक, प्रंशसा, पुरस्कार जस्ता सकारात्मक कार्यक्रम सञ्चालन गर्ने नीति सरकारी पक्षबाटै निर्माण गरिनुपर्दछ । विद्यार्थी संख्या र कक्षागत रूपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नुपर्ने, नियमित रूपमा विद्यालयमा आउन प्रोत्साहन मिल्ने खालको प्रोत्साहनमूलक विशेष कार्यक्रम सञ्चालन गर्ने नीतिगत व्यवस्था हुनु पर्दछ ।

आधुनिक प्रविधिबाट व्यवसाय सञ्चालन गरी अभिभावकलाई पनि आर्थिक रूपमा सक्षम बनाउने खालको कार्यक्रमको नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ख) कार्यान्वयन तह

वार्षिक कार्य तालिका, वार्षिक शैक्षणिक योजना, एकाइ योजना, दैनिक पाठ नोट निर्माण गरी, पाठ्यक्रम पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शैक्षिक निर्देशिका तथा शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण विधिद्वारा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । विद्यालय प्रशासनले इतर नेपाली मातृभाषी बालबालिकाहरूलाई विशेष निगरानी राखी शिक्षण सिकाइ क्रियाकलापको व्यवस्था गर्नु पर्दछ । इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि कमजोर भएकाले सिकाइ उपलब्धि बढाउन उनीहरूको अभिभावकसँग अन्तर्क्रिया गर्नुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्ने, छुट्टै कोचिङ कक्षाको व्यवस्था गर्नुपर्ने, सरोकारवालाहरूको विद्यालयप्रति चासो बढाउनु पर्ने देखिन्छ । त्यसैगरी विद्यालयमा घेराबारा गर्नु पर्ने, शिक्षक विद्यार्थीको नियमितता लागू गर्नु पर्ने, विद्यार्थी शिक्षक आचार संहिता बनाउनु पर्ने, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकबाट बेलाबेलामा अनुगमन र निरीक्षण हुनु पर्ने देखिन्छ । इतर नेपाली मातृभाषी बालबालिकाहरूको शैक्षिक अवस्थामा सुधार ल्याउन विद्यालयमा पढ्ने र पढाउनेदेखि लिएर उनीहरूको पारिवारिक वातावरण, सरसफाइ, स्वास्थ्य, खानपीन, रहनसहन, संस्कार जस्ता कुरामा सुधार गर्नुपर्ने देखिन्छ ।

## ग) अनुसन्धान तह

यस अनुसन्धानात्मक अध्ययनको क्रममा सीमित स्रोत साधन, समय र अध्ययन क्षेत्रको प्रयोग गरिएको छ । यसबाट अध्ययन क्षेत्रसँग सम्बन्धित सम्पूर्ण पक्षहरूलाई वृहत रूपमा नसमेटिएको पनि हुन सक्छ । अझ बढी आवश्यक मात्रामा विस्तारित रूपबाट व्यापक स्रोत र साधनको प्रयोग गरी समयलाई बढाएर अध्ययन गर्न आवश्यक छ । सीमित स्रोत,  साधन र समयको कारणले गर्दा एउटा गा.वि.स. का ३ वटा विद्यालयलाई मात्र अध्ययन क्षेत्रको नमुना छनौट गरिएको छ । यस अन्तर गा.वि.स., अन्तर जिल्लासम्मको

अध्ययन क्षेत्र विस्तार गरेर विस्तृत रूपमा अध्ययन गर्नु अझ बढी उपयुक्त हुन सक्छ । यस अध्ययनमा नमुना छनौटमा परेका नमुना छनौटको आकारलाई संख्यात्मक रूपमा वृद्धि गरेर अध्ययन गर्न सकिन्छ । समय र परिस्थिति अनुसार समय सापेक्ष अध्ययनलाई व्यापक बनाउन अध्ययनका उद्देश्यहरूलाई विस्तार गर्न सकिन्छ ।

यस विषय क्षेत्रमा थप अनुसन्धानमा अभिरुचि राख्ने अनुसन्धानकर्तालाई हालको पाठ्यक्रम, शिक्षण सिकाइको अवस्था, शिक्षण विधि र सामग्री, थप अवसरको उपलब्धता तथा उनीहरूको सिकाइ उपलब्धिको लेखाजोखा गर्दै अनुसन्धान गरी यस विषयको शीर्षकको निकटताको आधारमा उनीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न थप अनुसन्धान गर्नका लागि सुझाव दिइन्छ ।

# सन्दर्भग्रन्थ सूची

काफ्ले, बासुदेव र साथीहरू (२०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौं :सनलाइट पव्लिकेशन, कीर्तिपुर ।

कोइराला विद्यनाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन ।

डिनको कार्यालय (२०५९), *सामाजिक न्याय शिक्षा,* काठमाडौं : त्रि.वि. शिक्षा शास्त्र सङ्काय ।

ढकाल माधवप्रसाद र कोइराला मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरू,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

ढकाल शान्तिप्रसाद (२०५६), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : शुभकामना बुक्स एण्ड स्टेशनरी ।

*नेपालको अन्तरिम संविधान (२०६३),* नेपाल सरकार ।

पाण्डेय, मधुसुधन (२०६०), *प्रथम संस्करण नेपालका जनजातिहरू,* काठमाडौं : पैरवी प्रकाशन, पुतलीसडक ।

भट्टराई देवीप्रसाद (२०६९), *शैक्षिक मनोविज्ञान,* काठमाडौं : क्वेष्ट पव्लिकेशन ।

भट्टराई देवीप्रसाद र सापकोटा, सुकदेव (२०६८), *लेख रचना, नेपालको भाषिक अवस्था मातृभाषा र बहुभाषा, कर्मचारी कलम वार्षिक पत्रिका,* नेपाल निजामति कर्मचारी संगठन, विभागीय कार्यसमिति, काठमाडौं : वार्षिक प्रकाशन ।

भट्टराई, शिवकुमार (२०६१), *औपचारिक शिक्षा प्रणालीमा लिम्बूहरूको शैक्षिक सहभागिता,* काठमाडौं : त्रि.वि.पुस्तकालय, अप्रकाशित शोधपत्र, कीर्तिपुर ।

राउत, माधवबहादुर (२०६७), *प्राथमिक तहको विद्यार्थीको पारिवारिक आर्थिक अवस्था र सिकाइ उपलब्धि,* इन्द्रपुर : सुकुना बहुमुखी क्याम्पस, अप्रकाशित शोधपत्र ।

रेग्मी, मुरारीप्रसाद र साथीहरू (२०६४), *शैक्षिक मनोविज्ञान,* कीर्तिपुर, काठमाडौं : क्वेष्ट पव्लिकेशन ।

शिक्षा ऐन (२०२८), आठौं संसोधन, काठमाडौं : *कानुन किताब व्यवसायी समिति,* ववरमहल ।

शर्मा, चिरञ्जीवि र निर्मला (२०६३), *शिक्षाका आधार,* काठमाडौं : एम. के. पव्लिकेशन एण्ड डिस्ट्रिव्यूटर्स ।

CERID (1990), Educationally disadvantaged population Groups a study report of cerid, T.U. Kathmandu.

EDSC (1999), National Assessment of Grade v Students. Kathmandu : DEO, Sanothim.

Kattel, Shambhu Prasad (1992), A village profile marriage and family practices among the Thakuris of Singha devi VDC, Morang : sumitted to kathmandu NDS. TU kritipur.

# अनुसूची १

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## छनौटमा परेका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरुको विवरण

| क.स. | विद्यार्थीको नाम,थर | लिङ्ग | | जाति | मातृभाषा |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | |
| १. | योगेन्द्र खेवा | ✓ | | लिम्बू | इतर नेपाली |
| २ | लालसिंह मिभक | ✓ | | लिम्बू | इतर नेपाली |
| ३ | रूपा लिम्बू | | ✓ | लिम्बू | इतर नेपाली |
| ४ | टंकशेर लिम्बू | ✓ | | लिम्बू | इतर नेपाली |
| ५ | भगिश्वर लिम्बू | ✓ | | लिम्बू | इतर नेपाली |
| ६ | सरिता लिम्बू | | ✓ | लिम्बू | इतर नेपाली |
| ७ | सविना शाही | | ✓ | ठकुरी | नेपाली |
| ८ | दक्षिणा ठकुरी | | ✓ | ठकुरी | नेपाली |
| ९ | रबिना ठकुरी | | ✓ | ठकुरी | नेपाली |
| १० | प्रताप मल्ल | ✓ | | ठकुरी | नेपाली |
| ११ | रुविन शाही | ✓ | | ठकुरी | नेपाली |
| १२ | टंकमाया शाही | | ✓ | ठकुरी | नेपाली |

# अनुसूची २

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको प्राप्ताङ्कको विषयगत स्थिति

| क्र.स. | नाम थर | नेपाली १०० | अ.अं १०० | गणित १०० | सामाजिक ७५ | सि.अ.क. २५ | विज्ञान ५० | स्वा.शा ५० | ऐ. अं १०० | जम्मा ६०० | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सविना शाही | ८४ | ५२ | ४८ | ५२ | २० | ४० | ४० | ५८ | ३९४ | ६६ |
| २ | दक्षिणा ठकुरी | ८४ | ३८ | ३६ | ४८ | १८ | ४० | ३२ | ६० | ३५६ | ५९ |
| ३ | रबिना ठकुरी | ८० | ५४ | ४२ | ४६ | २० | ४४ | ३० | ६२ | ३७८ | ६३ |
| ४ | प्रताप मल्ल | ६२ | ४० | ३२ | ४६ | १८ | ३६ | ३४ | ४० | ३०८ | ५१ |
| ५ | रुविन शाही | ५६ | ३४ | ४२ | ४० | १४ | ४२ | ३२ | ३८ | २९८ | ५० |
| ६ | टंकमाया शाही | ६४ | २२ | २० | ४० | १६ | ३४ | ३४ | ३२ | २६२ | ४४ |
| | जम्मा | ४३० | २४० | २२० | २७२ | १०६ | २३६ | २०२ | २९० | – | ३३३ |
| | औषत | ७२ | ४० | ३७ | ४५ | १८ | ३९ | ३४ | ४८ | ३३३ | ५६ |
| | प्रतिशत | ७२ | ४० | ३७ | ६० | ७२ | ७८ | ६८ | ४८ | | |

# अनुसूची ३

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## इतर नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको प्राताङ्कको विषयगत स्थिति

| क्र.स. | नाम थर | नेपाली १०० | अ.अं १०० | गणित १०० | सामाजिक ७५ | सि.अ.क. २५ | विज्ञान ५० | स्वा.शा ५० | ऐ. अं १०० | जम्मा ६०० | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | योगेन्द्र खेवा | ५० | ३२ | ६४ | ४० | १४ | ३४ | २८ | ३२ | २९४ | ४९ |
| २ | लालसिंह मिभक | २८ | २६ | २५ | २६ | १० | २८ | ३६ | २० | १९९ | ३३ |
| ३ | रूपा लिम्बू | ४० | २४ | १८ | ३६ | १४ | २२ | ३० | २० | २०४ | ३४ |
| ४ | टंकशेर लिम्बू | ५६ | ५२ | ४८ | ४४ | १२ | २८ | २८ | ५० | ३१८ | ५३ |
| ५ | भगिश्वर लिम्बू | ४२ | ४० | ४६ | ३६ | १० | २४ | २६ | ४४ | २६८ | ४५ |
| ६ | सरिता लिम्बू | ३६ | ४० | ४४ | ३६ | १२ | २६ | २२ | ४८ | २६४ | ४४ |
| | जम्मा | २५२ | २१४ | २४५ | २१८ | ७२ | १६२ | १२ | २१४ | | २५८ |
| | औषत | ४२ | ३६ | ४१ | ३६ | १२ | २७ | २८ | ३६ | – | ४३ |
| | औषत प्रतिशत | ४२ | ३६ | ४१ | ४८ | ४८ | ५४ | ५६ | ३६ | | |

# अनुसूची ४

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## मध्यक, मध्यिका, स्तरीय भिन्नता र स्तरीय भिन्नताको गुणाङ्कको गणना गर्ने सूत्रहरू

मध्यक $\left(\overline{X}\right)=\frac{\sum X}{N}$

मध्यिका $\left(Md\right)=\frac{N+1}{2}$ औं पदकोमा मान

स्तरीय भिन्नता $\left(\pm\right)=\sqrt{\frac{\sum\left(X-\overline{X}\right)^2}{N}}$

स्तरीय भिन्नताको गुणाङ्क $\left(CV\right)=\frac{\pm}{\overline{X}}\times 100$

# अनुसूची ५

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## सर्वेक्षण फाराम

## छनोट गरिएका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, र विद्यार्थीको विवरण

### प्रधानाध्यापकको नामावली

| क.स. | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | कुमारी खड्का (ठकुरी) | प्र.अ. | लक्ष्मी प्रा.वि. सिंहदेवी ७ |
| २ | बसन्तकुमार खाण ठकुरी | प्र.अ. | कल्याणकारी मा.वि. सिंहदेवी ९ |
| ३ | खड्गबहादुर लिम्बू | प्र.अ. | पञ्चकन्या प्रा.वि. सिंहदेवी ६ |

### शिक्षकको नामावली

| क.स. | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | मञ्जु सिंह ठकुरी | शिक्षक | लक्ष्मी प्रा.वि. सिंहदेवी ७ |
| २ | कृष्णबहादुर ठकुरी | शिक्षक | कल्याणकारी मा.वि. सिंहदेवी ९ |
| ३ | यमबहादुर ठकुरी | शिक्षक | पञ्चकन्या प्रा.वि. सिंहदेवी ६ |

### अभिभावकको नामावली

| क.स. | नाम | विद्यालय |
|---|---|---|
| १ | गणेशबहादुर लिम्बू | लक्ष्मी प्रा.वि. सिंहदेवी ७ |

| | | |
|---|---|---|
| २ | तेज बहादुर लिम्बू | |
| ३<br><br>४ | भीमबहादुर शाही<br><br>चन्द्रबहादुर लिम्बू | कल्याणकारी मा.वि. सिंहदेवी ९ |
| ५<br><br>६ | उत्तरबहादुर खेवा<br><br>बेगप्रसाद लिम्बू | पञ्चकन्या प्रा.वि. सिंहदेवी ६ |

**विद्यार्थीको नामावली**

| क.स. | नाम | विद्यालय | कैफियत |
|---|---|---|---|
| १<br><br>२<br><br>३ | टंकशेर लिम्बू<br><br>भगिश्वर लिम्बू<br><br>सरिता लिम्बू | लक्ष्मी प्रा.वि. सिंहदेवी ७ | ६ जना मध्ये ३ जना छनोट गरिएको |
| ४<br><br>५<br><br>६<br><br>७<br><br>८<br><br>९<br><br>१० | सविना शाही<br><br>दक्षिणा ठकुरी<br><br>रविना ठकुरी<br><br>प्रताप मल्ल<br><br>रुविन शाही<br><br>टंकमाया शाही<br><br>रूपा लिम्बू | कल्याणकारी मा.वि. सिंहदेवी ९ | १७ जना मध्ये ७ जना छनोट गरिएको । |
| ११<br><br>१२ | योगेन्द्र खेवा<br><br>लालसिंह मिभक | पञ्चकन्या प्रा.वि. सिंहदेवी ६ | ४ जना मध्ये २ जना छनोट गरिएको |

# अनुसूची ६

# नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## विद्यालय अवलोकन फारम

| क्र.स. | विवरण | भए | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | पढ्नको लागि उपयुक्त वातावरण | | | |
| २ | चर्पिको सुविधा | | | |
| ३ | कक्षाकोठा व्यवस्थापन | | | |
| ४ | घेराबाराको अवस्था | | | |
| ५ | फर्निचरको व्यवस्था | | | |
| ६ | पुस्तकालयको व्यवस्था | | | |
| ७ | खानेपानीको सुविधा | | | |
| ८ | खेलमैदान | | | |
| ९ | चमेना गृह | | | |
| १० | खेलकुद सामग्री | | | |

# अनुसूची ७

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## प्र.अ.का लागि प्रश्नावली

**तलको प्रश्नहरूको उपयुक्त उत्तर दिनुहोस् ।**

१. इतर नेपाली मातृभाषी अभिभावकको विद्यालयप्रतिको सहयोग कस्तो छ ?

२. आफ्ना बालबालिकाको भविष्यप्रति इतर नेपाली मातृभाषी अभिभावकको चासो कस्तो छ

३. विद्यालयमा कुन कुन शैक्षिक योजना निर्माण गर्नु भएको छ ?

४. परीक्षाको नतिजा विश्लेषण गराउने प्रचलन छ ?

५. स्टाफ बैठकमा सिमाइ उपलव्धी बढाउने विषयमा छलफल भएको छ ?

६. इतर नेपाली मातृभाषी बालबालिकाहरूको अनुशासनको अवस्था कस्तो छ ?

७. उनीहरूको पढाइलेखाइ प्रतिको अभिरुची कस्तो छ ?

८. तुलनात्मक रूपमा उनीहरूको विद्यालयमा उपस्थिति कस्तो छ ?

९. उनीहरू नेपाली मातृभाषी बालबालबालिकाहरूसँग कतिको घुलमिल गर्छन् ?

१०. उनीहरूको घरायसी समस्याहरू के के पाइएका छन् ?

११. नेपाली मातृभाषी बालबालिकाहरूले उनीहरूसँग कस्तो व्यवहार गर्छन् ?

१२. इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलव्धी कमजोर हुने कारणहरू के के हुन् ?

१३. इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलव्धि कमजोर पार्ने तत्वहरू मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्व कुन हो ?

१४. इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलव्धी बढाउने उपायहरू के के हुन् सक्छन् ? ती मध्ये सबैभन्दा महत्वपूर्ण उपाय के हो ?

# अनुसूची ८

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### शिक्षकका लागि प्रश्नावली

१. इतर नेपाली मातृभाषी बालबालिकाहरूको शिक्षामा कस्तो सहभागिता रहेको पाउनु भएको छ ?

२. उनीहरूको विद्यालयमा कस्तो उपस्थिति पाउनु भएको छ ?

३. उनीहरूको सिकाइ प्रतिको अभिरुचि कस्तो छ ?

४. उनीहरूको कक्षामा अन्तर्क्रियाको स्थिति कस्तो छ ?

५. उनीहरूका बाबुआमाले आफ्ना बालबालिकाका बारेमा कतिको चासो राख्नु हुन्छ ?

६. उनीहरूले कुन कुन विषय गाह्रो मान्ने गरेका छन्

७. उनीहरूको घरायसी वातावरण कस्तो पाउनु भएको छ ?

८. उनीहरू र अन्य मातृभाषी बालबालिकाहरू बीच मेलमिलापको भावना कस्तो छ ?

९. उनीहरूको घरायसी समस्याहरू के के हुन् ?

१०. उनीहरूको सिकाइ उपलब्धि कस्तो छ ?

११. उनीहरूको सिकाइ उपलब्धि कमजोर हुने कारणहरू के के हुन् ?

१२. उनीहरूको सिकाइ उपलब्धि कमजोर पार्ने तत्वहरू मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्व कुन हो ?

१३. उनीहरूको सिकाइ उपलब्धि बढाउने उपायहरू के के हुन् ? ती मध्ये महत्वपूर्ण उपाय के हो ?

# अनुसूची ९

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### अभिभावकका लागि अन्तर्वार्ता सूची

१. तपाइँका बालबालिकाले विद्यालयबाट के कस्ता आर्थिक सहयता पाएका छन् ?

२. तपाइँका बालबालिकाहरूको पढाईप्रतिको चासो कस्तो छ ?

३. तपाईका घरायसी शैक्षिक समस्याहरू के के हुन् ?

४. तपाइँका बालबालिकाहरूलाई विद्यालयमा पर्ने समस्याहरू के के होलान् ?

५. आफ्ना बालबालिकाहरूको भविष्य प्रति कतिको चासो दिनु भएको छ ?

६. बालबालिकाहरू सिकाइमा कमजोर हुने कारणहरू के के हुन् ? र ती मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्व कुन हो ?

# अनुसूची १०

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## विद्यार्थीका लागि अन्तर्वार्ता सूची

१. तिमी विद्यालयमा नियमित रूपमा उपस्थित हुने गरेका छौ ?

२. तिमी घरमा कुन भाषा बोल्छौँ

३. तिमी घरमा कति घण्टा अध्ययन गर्छौ ?

४. पढाई बाहेक घरमा के कस्ता काम गर्ने गरेका छौँ ?

५. तिम्रो घरमा पढ्ने वातावरण उपयुक्त छ कि छैन् ?

६. अभिभावकले तिमीलाई ट्युवसन पढ्ने व्यवस्था गर्नुभएको छ ?

७. तिमीलाई सबैभन्दा बढी कुन विषय गाह्रो लाग्छ ?

८. तिमीलाई विद्यालय नियमित आउनमा के के समस्याहरू छन् ?

९. नियमित रूपमा गृहकार्य गर्नमा के कस्ता समस्याहरू छन् ?

१०. घरको वातावरणले सिकाइमा कुनै समस्या परेको भए उदाहरण प्रस्तुत गर ।

# अनुसूची ११

## नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## लक्षित समूह छलफल निर्देशिका

१. सिकाइमा मातृभाषाको प्रयोग

२. मातृभाषाको महत्व

३. इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ कमजोर हुने कारण

४. मातृभाषामा शिक्षा दिँदा देखापर्ने कठिनाईहरू

५. इतर नेपाली मातृभाषी बालबालिकाहरूलाई नेपाली भाषामा शिक्षण गर्दा पर्न सक्ने कठिनाईहरू ।

६. इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि बढाउने उपायहरू ।

७. पारिवारिक, सामाजिक, सांस्कृतिक वातावरणले सिकाइमा पार्ने प्रभाव ।

८. आर्थिक अवस्था र सिकाइ उपलब्धि सम्बन्धि सम्बन्ध ।

९. मातृभाषा र दोस्रो भाषाको अन्तरसम्बन्ध ।

१०. कक्षा कोठा व्यवस्थापन, शिक्षण विधि र शिक्षक तालिमको सिकाइसँग अन्तरसम्बन्ध ।

# अनुसूची १२

# नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## कक्षा अवलोकन फाराम

| क.स. | विवरण | | | |
|---|---|---|---|---|
| १ | विषयवस्तुको प्रस्तुतीकरण | उत्तम | मध्यम | न्यून |
| २ | विषयवस्तुको ज्ञान | उत्तम | मध्यम | न्यून |
| ३ | कक्षा व्यवस्थापन | उत्तम | मध्यम | न्यून |
| ४ | शिक्षण विधिको प्रयोग | प्रश्नोत्तर | छलफल | व्याख्यान |
| ५ | शैक्षिक सामग्रीको प्रयोग | उत्तम | मध्यम | न्यून |
| ६ | शिक्षण क्रियाकलापमा विद्यार्थीको सहभागिता | उत्तम | मध्यम | न्यून |
| ७ | शिक्षण गर्दा कक्षामा मूल्याङ्कन | उत्तम | मध्यम | न्यून |
| ८ | शिक्षणमा विद्यार्थीको सक्रियता | उत्तम | मध्यम | न्यून |
| ९ | सन्दर्भसामग्रीको प्रयोग | उत्तम | मध्यम | न्यून |
| १० | गहृकार्यको प्रयोग | उत्तम | मध्यम | न्यून |